कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड

## Trishuli Jal Vidhyut Company Limited

बनस्थली, काठमाण्डौ, नेपाल, फोन न. ०१–४३८४४४३, फ्याक्स नं. ०१–४३६३६८१,
इमेलः tjcl2068@gmail.com वेभसाइटः www.trishulijalvidhyut.com.np

**को**

# विवरण -पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

क. कम्पनीले यस विवरण-पत्र मार्फत आफ्नो जारी पूँजी रु.२,४७,००,००,०००/- (अक्षरेपी रु.दुई अर्ब सत्चालीस करोड मात्र) को १५ प्रतिशत अर्थात रु.३७,०५,००,०००/- (अक्षरेपी रु. सैंतिस करोड पाँच लाख मात्र) बराबरको रु. १००/- अंकित दरको ३७,०५,००० कित्ता साधारण शेयरहरु मध्ये १,११,१५० कित्ता अर्थात कुल निष्काशनको ३% शेयर कम्पनीका कर्मचारीहरुको लागि संरक्षण गरिएको र बाँकी ३५,९३,८५० कित्ता शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरेको छ। साथै दरखास्तसाथ हाललाई प्रति शेयर रु.१०/– को दरले (अंकित मूल्यको दश प्रतिशतले) हुने रकम रु.३,७०,५०,०००/- (अक्षरेपी रु. तीन करोड सत्तरी लाख पचास हजार मात्र) भुक्तानी अग्रिम माग गरिएको छ। उक्त शेयर वापत चुक्ता हुन बाँकी रकम नियमानुसार कम्पनीले पछि माग गर्नेछ।

| विवरण | कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वास्तविक | | | प्रक्षेपित | | | | |
| | आ.ब. ०७२/०७३ | आ.व ०७३/०७४ | आ.व ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व ०७६/०७७ | आ.व ०७७/०७८ | आ.व ०७८/०७९ | आ.व ०७९/०८० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.०९ | ८९.०४ | ९१.१४ | ९३.४९ | ९५.१३ | ९४.२४ | १०५.२७ | १२४.१० |
| प्रति शेयर आम्दानी (रु.) | (२.८७) | (३.४४) | (२.५३) | (१.३८) | (०.८७) | (०.८९) | ११.०३ | ३३.८३ |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | (४१,१९०) | (६०,००३) | (७७,९२९) | (९८,८४९) | (१२०,३३४) | (१४२,३२९) | १३०,०९३ | ५९५,१८५ |

**प्रति मेगावाट लागत सम्बन्धी विवरणः** यस कम्पनीद्वारा निर्माणाधिन माथिल्लो त्रिशुली ३ बी जल विद्युत आयोजनाको लागत (Interest During Construction (IDC समेत) प्रति मेगावाट रु.२२,२३,६३,०००/– (अक्षरेपि रु.बाइस करोड तेइस लाख त्रिसठ्ठी हजार मात्र) रहेको छ।

**विद्युत उत्पादन अनुमतिको बाँकि अवधि सम्बन्धी विवरण :** उत्पादन अनुमतिको अवधि मिति २०७०/०४/२७ देखि मिति २१०५/०४/२६ सम्म बहाल रहने भएकाले अनुमति अवधि २९ वर्ष ५ महिना बाँकि रहेको छ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :** शेयर निष्कासन गरिएको मितिबाट साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७.९५ वर्ष रहेको छ र डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ११.८२ वर्ष रहेको छ। आ.व. २०७४/७५ लाई आधार वर्ष अर्थात Year 0 मानी गणना गरिएको छ। Discounted Pay Back Period गणना गर्दा Discounting Rate १२% मानी सोही बमोजिमको Discounting Factor तय गरिएको छ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :** धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पाना नं. १३ र १४ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरी लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :** यस विवरणपत्रमा उल्लेखित विवरणहरु धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण-पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

यस विवरणपत्र अनुसार अग्रीम १० प्रतिशत रकम संकलनका लागी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६(क) को उपनियम ४ तथा जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुरुप आह्वान गरीएकोमा नेपाल धितोपत्र बोर्डले नेपाल सरकारको कार्यक्रम अनुसार कार्यान्वयनमा आउन लागेको "जनताको जलविद्युत कार्यक्रम" अन्तर्गतका संगठित संस्थानहरुले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा केडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम (७) बमोजिम केडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट प्रदान गरेकोले यस साधारण शेयर निष्काशनका लागी केडिट रेटिङ्ग गरीएको छैन। अण्डरराइटीङ्ग सम्बन्धमा बिक्री नभएको शेयर संस्थापक शेयरधनी वा नेपाल सरकारले खरिद गर्ने व्यवस्था रहेको छ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मिति : २०७५/११/३०
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति : २०७५/११/३०
धितोपत्र निष्काशन खुल्ला मिति : २०७५/१२/०७
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७५/१२/११
धितोपत्र निष्काशन बन्द हुने मिति(अन्तिम) : २०७६/०१/०६ बैंकिंग समय पश्चात

## धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

फोन नं. ४२२२४६०,४२६११७८,
Email: info@gicl.com.np
Web: www globalimecapital.com

**ख.१. विवरण-पत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरण-पत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी त्रिशुली जल विद्युत कम्पनी लिमिटेड, बनस्थली, काठमाण्डौ सम्झनु पर्दछ ।

घ) "संस्थापक संगठित संस्था" भन्नाले त्रिशुली जल विद्युत कम्पनी लिमिटेडमा संस्थापक शेयर धारण गर्ने संस्थाहरु सम्झनुपर्दछ ।

ङ) "धितोपत्र" भन्नाले कम्पनीले जारी गरेको शेयर सम्झनुपर्दछ ।

च) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

छ) "आयोजना" भन्नाले कम्पनीद्वारा निर्माणाधीन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना सम्झनु पर्दछ ।

ज) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

झ) "संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन" भन्नाले त्रिशुली जल विद्युत कम्पनी लिमिटेडको क्रमशः संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख वा प्रवन्ध सञ्चालक तथा व्यवस्थापन सम्झनु पर्दछ ।

ञ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ट) "वित्तीय विवरण" भन्नाले कम्पनीको वासलात, आय-व्यय विवरण तथा नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

**ख.२. <u>विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :</u>**

**<u>विवरण-पत्र पाइने स्थानहरु:</u>**

१. ग्लोवल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौ ।

२. त्रिशुली जल विद्युत कम्पनी लिमिटेडको रजिस्टर्ड कार्यालय, बनस्थली, काठमाडौं ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.globalimecapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.trishulijalvidhyut.com.np, र नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण-पत्र हेर्न सकिने छ ।

**<u>दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :</u>**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा हामी यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरण-पत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस त्रिशुली जलविद्युत कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरण-पत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

कम्पनीले प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख अन्य कुनै पनि कालो सूचीमा रहेको संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुखको रुपमा रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** त्रिशुली जलविद्युत कम्पनी लि. (Trishuli Jal Vidhyut Company Limited)।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १६, बनस्थली, काठमाडौं ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १६, बनस्थली, काठमाडौं ।

**(ङ) आयोजना निर्माण स्थल :** नुवाकोट जिल्ला किस्पाङ गाउँपालिका वडा नं. ५, सिरुपानी र रसुवा जिल्लाको उत्तरगया गाउँपालिका ।

**(च) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

(१) **कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

(१.१) यो कम्पनी नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी विकास गर्न सकिने जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने हेतुले नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. संस्थापक रही "त्रिशुली जल विद्युत कम्पनी लिमिटेड" को नाममा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार सञ्चालन गर्दै आएको कम्पनी हो ।

यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०१/२९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा र मिति २०६८/०८/०६ मा आन्तरिक राजस्व कार्यालयमा दर्ता भई मिति २०६८/०८/२५ देखि आर्थिक कारोवार शुरु गरेको हो । यस कम्पनीद्वारा प्रवद्धित माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना (जडित क्षमता ३७ मेगावाट) नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका र रसुवा जिल्लाको उत्तरगया गाउँपालिकामा पर्दछ । त्रिशुली नदीमा निर्माण हुने यो आयोजना नेपाल विद्युत प्राधिकरणद्धारा प्रवर्द्धित माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजना (जडित क्षमता ६० मेगावट) को क्यासकेड आयोजना हो । यस कम्पनीका संस्थापकहरुमा नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. रहेका छन् ।

कम्पनीको मिति २०७५/०९/२७ गते सम्पन्न सातौं साधारण सभाबाट अधिकृत पुँजी रु.२ अर्ब ५० करोड तथा जारी पूँजी रु.२ अर्ब ४७ करोड रहने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट पूँजी बृद्धिको कार्य सम्पन्न भैसकेको छ ।

(१.२) कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ३० प्रतिशत नेपाल विद्युत प्राधिकरण, ३० प्रतिशत नेपाल दूरसञ्चार कम्पनी लि., १० प्रतिशत आयोजना प्रभावित क्षेत्र नुवाकोट र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरु, ५ प्रतिशत नुवाकोट र रसुवा जिल्लाका स्थानीय तहहरु, ५ प्रतिशत जलविद्युत आयोजनाहरुमा लगानी गर्ने उद्धेश्यले आयोजना रहेको नुवाकोट र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरुले संस्थापना गरेका कम्पनीहरु, ५ प्रतिशत शेयरधनी सम्झौता भएका बखत् २०६८/०१/२९ देखि शेयर निष्कासन गरेका बखत्सम्ममा नेपाल विद्युत प्राधिकरण र नेपाल दूरसञ्चार कम्पनी लि. मा कार्यरत स्थायी कर्मचारीहरु (संस्थाहरुको कर्मचारी संख्याको आधारमा समानुपातिक) र १५ प्रतिशत (सोको ३ प्रतिशत त्रिशुली जलविद्युत कम्पनी लि. का कर्मचारीहरुको लागि संरक्षित) सर्वसाधारण नेपाली जनताहरुको लागि छुट्याई बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

(१.३) निर्माण कार्य पूर्वका मुख्य उपलब्धीहरु :

१) विद्युत उत्पादनको सर्भेक्षण अनुमति प्राप्त मिति : २०६३/०७/१५
२) विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति : २०७०/०४/२७
३) त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको नाममा उत्पादन अनुमति पत्र नामसारी मिति : २०७२/०२/२४
४) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत मिति : २०७२/१०/२९
५) नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (PPA) सम्पन्न भएको मिति : २०७४/०५/०६
६) नेपाल सरकारबाट आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने निर्णय मिति : २०७५/०३/१५ र वन क्षेत्र प्रयोग गर्न जिल्ला वन कार्यलय, नुवाकोटसँग सम्झौता मिति : २०७५/०३/२६

७) ऋण सम्झौता : ऋणदाता संस्था – नबिल बैंक लि., हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. तथा नेपाल बैंक लि.) र कम्पनी बीच भएको सम्झौता) मिति : २०७५/०५/०४

८) विद्युत उत्पादन अनुमति बहाल रहने अवधि मिति : २१०५/०४/२६ सम्म ।

(१.४) ३७ मेगावाट जडित क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र नुवाकोट तथा रसुवा जिल्लामा पर्ने त्रिशुली नदी विद्युत उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा रहेको छ ।

## (१.५) आयोजनाको लागत अनुमान

आयोजनाको कुल लागत अनुमान (निर्माण अवधिको व्याज बाहेक) रु.७ अर्ब ४४ करोड ५६ लाख ४८ हजार रहेको छ । निर्माण अवधिको व्याज रु ७८ करोड १७ लाख ९३ हजार गरी कुल लागत रु. ८ अर्व २२ करोड ७४ लाख ४१ हजार रहेको छ । अनुमानित लागतलाई बिदेशी बिनियमय दर, समय र राष्ट्रिय तथा अन्तराष्ट्रिय घटना क्रमले असर गर्न सक्ने देखिएको छ । आयोजनाको निर्माण कार्य मिति २०७७/११/२९ मा सम्पन्न हुने अनुमान गरीएको छ ।

आ.व.२०७५।७६ सम्म लगानी भएको पूँजीलाई आधार बर्ष मानी आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७.९५ बर्ष रहेको र डिस्काउण्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ११.८२ बर्ष हुने अनुमान रहेको छ ।

(१.६) **आयोजना कार्य प्रगति विवरण :** आयोजनाको समग्र प्रगति २८.९ प्रतिशत देहाय बमोजिम रहेको छ ।

| सि.नं. | योजना/कार्य | विवरण | प्रगति |
|---|---|---|---|
| १ | जग्गा अधिग्रहण | ९६ रोपनी ७ आना निजी जग्गा । | जग्गा प्राप्ती सम्बन्धी कार्य शतप्रतिशत सम्पन्न भैसकेको । |
| २ | वन क्षेत्र प्राप्ति र रुख कटान | आयोजनाको लागि आवश्यक ५.१ हेक्टर वन क्षेत्र र १,७८१ वटा रुख कटान | नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५।०३।१५ मा आयोजना निर्माणको लागि आवश्यक वन क्षेत्र प्रयोग गर्न दिने निर्णय भई आवश्यक वन क्षेत्र प्राप्त गरि सकिएको । जिल्ला वन कार्यालय नुवाकोटको स्वीकृती पश्चात १,७८१ वटा रुख कटान गरी सामुदायीक उपभोक्ता समितिलाई हस्तान्तरण गरि सकिएको । |
| ३ | पुर्वाधार निर्माण | आवास तथा कार्यालय भवन निर्माण | कुल लागत रु.८,३१,३२,१८१.८४, मिति २०७३।१०।२९ मा सम्पन्न भएको |
| ४ | टेस्ट अडिट टनेल निर्माण | ४६३.६ मिटर लामो ४ मिटर व्यास रहेको टेस्ट अडिट टनेल निर्माण । | मिति २०७४।०५।०८ मा उक्त अडिट टनेलको निर्माण कार्य रु.६,०६,४३१८६/- मा सम्पन्न भएको । |
| ५ | प्रवेश मार्ग | आयोजना स्थलमा सडकको पंहुच रहेको । | निर्माण गर्न नपर्ने । |
| ६ | Project Road | Adit 2 तथा Surge Tank जाने सडकको निर्माण | उक्त सडकको Earthworks को कार्य सम्पन्न भएको । |
| ७ | Mobilization of Contractor | निर्माण उपकरण तथा निर्माण सामग्रीको परिचालन | सम्पूर्ण निर्माण उपकरण तथा अधिकांश निर्माण सामग्री आयोजना स्थलमा परिचालन भईसकेको । |
| ८ | विष्फोटक पदार्थको प्रयोग | सम्बन्धीत निकायबाट स्वीकृती लिई विष्फोटक पदार्थ खरिद । | नेपाली सेनाबाट खरिद गर्ने विस्फोटक पदार्थका लागि मिति २०७५।०५।२१ मा नेपाल सरकार, गृह मन्त्रालयबाट स्वीकृती प्राप्त भई विष्फोटक पदार्थ खरिद गरी भण्डारण समेत गरिसकिएको । |
| ९ | आयोजनाका संरचनाहरुको निर्माण | मुख्य सुरुङ्ग | डिजाईन स्वीकृत भई निर्माण शुरु हुने क्रममा रहेको । |
| | | पावर हाउस | डिजाईन परीक्षण जारी रहेको । डिजाईन स्वीकृति पश्चात् निर्माण कार्य प्रारम्भ हुने । |

(१.७) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

| | |
|---|---|
| आयोजना स्थलः | साविकको मनकामना गा.वि.स., नुवाकोट र लहरेपौवा गा.वि.स., रसुवा (हाल नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका र रसुवा जिल्लाको उत्तरगया गाउँपालिका), प्रदेश नं.३ |

| | |
|---|---|
| श्रोत नदीः | त्रिशुली नदी, नुवाकोट र रसुवा |
| आयोजनाको किसिम : | रन अफ रिभर, माथिल्लो त्रिशुली ३ए को क्यासकेड जलविद्युत आयोजना |
| विद्युत गृह किसिमः | सतही |
| प्रसारण लाइनः | ३ कि.मि., १३२ के.भी. |
| विद्युत गृह रहने स्थानः | नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका |
| बाँध स्थल जलाधार क्षेत्रः | ४,५७७ वर्ग कि.मि. (माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजनाको बाँध स्थलमा |
| वार्षिक औषत बहावः | १९२ घन मिटर प्रति सेकेन्ड |
| डिजाइन डिस्चार्ज : | ५१ घन मिटर. प्रति सेकेण्ड ($Q_{70}$ मा आधारित) |
| औषत वार्षिक उर्जा उत्पादन : | २९२.५८ गीगावाट घण्टा |
| आयोजनाको उत्पादन क्षमताः | ३७ मेगावाट |
| ग्रस हेडः | ९० मिटर |
| सर्ज टेंक : | १५ मिटर व्यास ३३.३ मीटर उचाई |
| हेडरेस सुरुङ्गः | लम्बाई ३,७९१.५ मिटर र व्यास ५.२ मिटर देखि ६.१ मिटरसम्म |
| भुमिगत पेनस्टकः | लम्बाई १३५.५ मिटर, व्यास ४.२ मिटर |
| पावरहाउसः | लम्बाई ४०.४ मिटर, चौडाई १९.३ मिटर, उचाई ३३.८ मिटर |
| टर्वाइन | १९.७१५ मेगावाट क्षमताका २ वटा फ्रान्सीस |
| जेनेरेटरः | २२.७०४५ MVA क्षमताका २ वटा जेनेरेटर |
| औषत वार्षिक उर्जा उत्पादन : | २९२.५८ गीगावाट घण्टा |
| आयोजनाको जडित उत्पादन क्षमताः | ३७ मेगावाट |
| उत्पादन शुरु गर्नु पर्ने मितिः | २०७८/११/१७ (विद्युत खरिद बिक्री सम्झौता अनुसार) |
| आयोजनाको हालको अनुमानित लागतः | रु.८ अर्ब २२ करोड ७४ लाख ४१ हजार (निर्माण अवधिको ब्याज समेत) |

(१.८) **कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौता (PPA) का मुख्य विवरणहरू निम्न बमोजिम रहेका छन् :-**

(१.८.१) कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरीद विक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७४/०५/०६ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि वर्षको ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ :-

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ गतेसम्म रु. प्रति युनिट) | वर्षा याम (जेष्ठ १६ देखि मंसिर १५ सम्म रु.प्रति युनिट) |
|---|---|---|
| पहिलो महिनादेखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिनादेखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिनादेखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिनादेखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिनादेखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिनादेखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औ महिनादेखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औ महिनादेखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औ महिनादेखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

तर ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार बार्षिक मृत्युबृद्धि दिइनेछ :

(क) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन भएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ख) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन भएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ग) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन भएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(घ) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन भएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।
(ङ) ब्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ब्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिनाभन्दा बढी ढिलो हुन भएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ ।

प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरीद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको ब्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ वा सो रकम मासिक बिलिङ्गमा समायोजन गरिनेछ ।

ब्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकारणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रबाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

(च.२) **कम्पनीको उद्धेश्यहरु देहाय बमोजिम रहेका छन् : -**

(क) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना (Upper Trishuli 3B Hydroelectric Project) को सर्वेक्षण, निर्माण, सञ्चालन र ब्यवस्थापन गरी सो आयोजनाबाट उत्पादित विद्युत विक्री वितरण गर्ने ।

(ख) खण्ड (क)मा उल्लिखित आयोजनाको अतिरिक्त अन्य सम्भावित जलविद्युत आयोजनाहरुको पहिचान, सम्भाव्यता अध्ययन, र सम्भाव्य योजनाको निर्माण, सञ्चालन र ब्यवस्थापन गरी उत्पादित विद्युत विक्री वितरण गर्ने ।

(ग) आयोजनाहरुबाट उत्पादित विद्युत शक्ति विक्री वितरण गर्न आवश्यकता अनुसार सवस्टेशन तथा प्रशारण लाइनहरु निर्माण गर्ने एवं राष्ट्रिय प्रसारण प्रणालीसँग जोडी विद्युतको विक्री वितरण गर्न आवश्यक ब्यवस्था गर्ने ।

(घ) आयोजनाहरुबाट उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एकमुष्ट विक्री गर्ने वा आफ्नै प्रशारण र वितरण लाइन विकास गरी वा सम्झौताद्वारा अन्य संगठित संस्थाको प्रशारण लाइन मार्फत उपभोक्ताहरुलाई विद्युत विक्री वितरण गर्ने।

(ङ) आयोजनाहरुबाट उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई विक्री गर्न वा आफ्नै प्रसारण लाइन विकास गरी सोझै ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन आवश्यकता अनुसार सम्झौता गर्ने ।

(च) आयोजनाहरुबाट उत्पादित जलविद्युत प्रचलित कानूनको अधिनमा रही विदेशमा निर्यात गर्ने ।

(छ) जलविद्युत आयोजनाको पहिचान सर्वेक्षण, निर्माण, सञ्चालन र ब्यवस्थापनसँग सम्वन्धित र सहायक हुने सवै काम गर्ने ।

(छ) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

(ज) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** नुवाकोट र रसुवा जिल्लामा रहेको त्रिशुली नदीको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडपन्ड, एप्रोच प्रेसर कन्ड्युट, हेडरेस सुरुङ, सर्ज टैंक, पेनस्टक, विद्युतगृह आदी संरचना रहेका छन । आयोजनाबाट ३७ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा १९.७१५ मे.वा.का २ वटा फान्सिस टर्वाइन र २२.७०४५ एम.भी.ए का २ वटा जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले प्रदेश नं. ३, बागमती अञ्चल, रसुवा तथा नुवाकोट जिल्लामा बहने त्रिशुली नदीको पानी उपयोग गरी उत्पादन गर्ने विद्युतको हालको बजार क्षेत्र नेपाल विद्युत प्राधिकरणसंग भएको सम्झौता बमोजिम नेपालभर रहेको छ । भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार विस्तार गर्न सकिनेछ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो उद्धेश्यसंग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीबाट निर्माणाधिन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको उत्पादन क्षमता ३७ मेगावाट रहेको र उत्पादन हुने सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत विक्री वितरण गरिनेछ । आयोजनाको निर्माण सम्पन्न हुने मिति २०७७/११/२९ रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** बागमती अञ्चल, नुवाकोट तथा रसुवा जिल्लाको सिमाना भएर बहने त्रिशुली नदीको पानी ।

(९) **गुणस्तर नियन्त्रणको लागि गरिएको व्यवस्था :** आयोजनाको निर्माण अवधीमा गर्नुपर्ने गुणस्तर नियन्त्रणका लागि आयोजनाका इन्जीनीयरहरुबाट विदेशी परामर्शदाताको सहयोगमा सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

(१०) **अनुसन्धान तथा विकास :** कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भैरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** विगत १२ महिनाको अवधिमा कम्पनीको संचालनमा असर पर्ने गरी कुनै बाधा व्यवधान नरहेको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** कम्पनीद्वारा निर्माणाधिन आयोजनाबाट विद्युत उत्पादन भए पश्चात् एकमात्र खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहने गरी विद्युत खरीद विक्री सम्झौता भएको ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण):**

आयोजना हाल निर्माणाधिन अवस्थामा रहेको र निर्माण सम्पन्न गर्नका लागि निम्न बमोजिम ठेक्का सम्झौता भईसकेको :

क) आयोजनाको परामर्श सेवा कार्यका लागि परामर्शदाता M/S ELC Electroconsult S.p.A. (Italy) in association with Soil Test Pvt. Ltd., Nepal सँग मिति २०७१/१२/०६ मा ठेक्का सम्झौता भई कार्य सम्पादन हुदै आईरहेको ।

ख) आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार M/S Sichuan ANHE Hydraulic and Hydroelectric Engineering Company Ltd., China सँग मिति २०७४/१०/२९ मा EPC ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

ग) आयोजनाको ट्रान्समिसन लाईन निर्माण कार्यको खर्च नेपाल विद्युत प्राधिकरणले ४५ प्रतिशत र कम्पनीले ५५ प्रतिशत व्यहोर्ने गरी मिति २०७१/०६/३० मा सम्झौता भएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** हाल कम्पनी अर्न्तगतको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ । हालसम्म कम्पनीबाट निर्माणधिन आयोजनाको नाममा सृजना भईसकेको चल अचल सम्पत्ति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम (रु.) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| | जग्गा | ९,०६,६७,१५४।०० | आयोजना स्थल तथा कम्पनीको मुख्य कार्यालय रहेको स्थान । | चालु अवस्थामा रहेको |
| | ११ केभी वितरण लाइन | ५,८६,६२०।०० | | चालु अवस्थामा रहेको |
| | ट्रान्सफर्मर तथा TOD Meter | ४,३७,९०८।०० | | चालु अवस्थामा रहेको |
| | कार्यालय भवन तथा आवास गृह | ८,३१,३२,१८२।०० | | चालु अवस्थामा रहेको |
| | कार्यालय सामाग्री | ६१,४१,७८८।०० | | चालु अवस्थामा रहेको |
| | फर्निचर तथा फिक्चर | ४३,४७,८९६।०० | | चालु अवस्थामा रहेको |
| | सवारी साधन | ४,०१,२०,२६५।०० | | चालु अवस्थामा रहेको |
| | विविध सम्पत्ती | २२,१०,७६३।६० | | चालु अवस्थामा रहेको |
| | **जम्मा** | **२२,७६,४४,५७६।००** | | |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले स्थानीय व्यक्तिहरुका नाममा दर्ता कायम रहेको जम्मा क्षेत्रफल ९६-७-०-० (छयानब्बे रोपनी सात आना) जग्गा अधिग्रहण गरी कम्पनीको स्वामित्वमा रहेको छ । उक्त जग्गा अधिग्रहण तथा क्षतिपूर्ति सहित जग्गा खरिदमा रु.९,०६,६७,१५४/- भुक्तानी गरिएको छ । त्यसै गरी मिति २०७५ आषाढ १५ गते नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय भई २०७५ आषाढ २६ मा जिल्ला बन कार्यालय नुवाकोट र यस कम्पनी बीच भएको द्वीपक्षीय सम्झौता बमोजिम आयोजनाका लागि आवश्यक बनक्षेत्रको ५.१ हेक्टर जग्गा ३० वर्षको अवधीसम्म प्रयोग गर्नको लागि अनुमति लिईएको छ ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

सहवित्तीयकरण कर्जा अन्तर्गत नबिल बैंक लि. को अगुवाइ र हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. को सह अगुवाइमा नेपाल बैंक लि. सदस्य रहेको सहवित्तीयकरण समूहबाट ऋण प्राप्त गर्न मिति २०७५र०५र०४ मा भएको द्विपक्षीय ऋण सम्झौता बमोजिम ऋण रकम र सो को ब्याज तथा अन्य दैदस्तुर समेत खाम्ने गरी सुरक्षण बापत कम्पनीको नाममा हाल रहेको र पछि सिर्जना हुने आयोजनाको चल अचल सम्पत्ति तथा त्रिशुली जलविद्युत कम्पनी लि.को नाममा रहेको नुवाकोट तथा रसुवा जिल्ला स्थित ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना नबिल बैंक लि.संग ऋणको प्रथम किस्ता लिनु अगाडि दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित गर्नु पर्ने व्यवस्था रहेको छ।

(घ) **विरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** लागू नहुने ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : लागू नहुने ।

**ग.५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.३.ग भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**
त्रिशुली जलविद्युत कम्पनीले आफ्नो उद्देश्य अनुसार नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका वडा नं. ५ सिरुपानी (साविक मनकामना गा.वि.स.) मा माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजनाको निर्माण गर्ने कार्य द्रुतगतिमा अगाडि बढाएको छ। माथिल्लो त्रिशुली जलविद्युत आयोजनाको जडित क्षमता ३७ मेगावाट रहेको छ। उक्त आयोजनाको व्यापारिक उत्पादन सुरु हुने मिति २०७८/११/१७ रहेको छ। सो अवधि पश्चात आयोजनाले वार्षिक २९ करोड २५ लाख ८० हजार युनिट विद्युत व्यापारिक उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विक्री गरी आम्दानी गर्नेछ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्यः**
कम्पनीबाट उत्पादित विद्युत बिक्री गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसंग सम्झौता भईसकेको र देशमा उर्जाको थप आवश्यकता रहेकोले बजारमा सजिलै विक्री हुने। यस प्रकारले यो कम्पनी अन्य जलबिद्युत कम्पनीसंग प्रतिष्पर्धामा जान सक्ने र प्रतिष्पर्धी रही लगानीकर्तालाई उचित प्रतिफल दिन सक्षम रहने देखिन्छ।

**ग.३.घ सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

**सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस कम्पनीको प्रवन्ध पत्र बमोजम ७ जना सञ्चालक रहेको सञ्चालक समिति रहने व्यवस्था छ। तर संस्थापक बाहेक अन्य समूहमा शेयर विक्री भए पछि शेयरको अनुपातमा निर्वाचित वा मनोनयन हुने गरि सञ्चालक निम्न अनुसार ७ (सात) जना रहने व्यवस्था गरिएको छ।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | समूह क संस्थापक शेयरधनी - नेपाल दूरसञ्चार कम्पनी लि. | २ जना |
| २ | समूह क संस्थापक शेयरधनी - नेपाल विद्युत प्राधिकरण | २ जना |
| ३ | समूह ख सर्वसाधारण शेयरधनीहरुबाट | २ जना |
| ४ | स्वतन्त्र सञ्चालक (जलविद्युत विज्ञ) | १ जना |
| | **जम्मा** | **७ जना** |

संस्थापक बाहेक अन्य समूहमा शेयर निष्काशन तथा विक्री नभएसम्म संस्थापक शेयरधनी नेपाल विद्युत प्राधिकरणबाट मनोनित ३ जना, नेपाल टेलिकमबाट मनोनित ३ जना, स्वतन्त्र सञ्चालक १ जना समेत ७ (सात) जना सँचालक रहेको सञ्चालक समिति रहेको छ। यस विवरणपत्र मार्फत प्रति कित्ता रु.१००/- मध्येबाट अग्रीम १०% ले हुन आउने रकम रु.१० मात्र माग गरीएको तर संस्थापकका तर्फवाट शतप्रतिशत रकम चुक्ता भइसकेकोले सर्वसाधारण समुहवाट सञ्चालक हुन धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिको अधिनमा रहि शतप्रतिशत रकम भुक्तानी भएपछि मात्र सर्वसाधारण शेयरधनीवाट सञ्चालकको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ।

सर्वसाधारण सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० कित्ता शेयर लिनु पर्नेछ। तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन।

**ग.४ पूँजी संरचना सम्बन्धी जानकारी :**

**१. अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (अक्षेरेपी रु. दुई अर्व पचास करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/-दरका २,५०,००,००० (दुई करोड पचास लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**२. जारी पूँजी (Issued Capital):**

कम्पनीको जारी पूँजी रु.२,४७,००,००,०००/- ( अक्षेरेपी रु. दुई अर्ब सत्चालिस करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका २,४७,००,००० (दुई करोड सत्चालिस लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**३. चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.१,४८,२०,००,०००/- (अक्षरेपी रु. एक अर्व अठ्चालिस करोड बीस लाख मात्र) संस्थापक शेयरधनीहरुबाट सम्पूर्ण चुक्ता भैसकेको छ। यस विवरण-पत्र मार्फत निष्काशन हुने ३७,०५,००० कित्ता (सैंतिस लाख पाँच हजार मात्र) बराबरको शेयर सर्वसाधारणमा जारी गरी बाँडफाँट भए पश्चात चुक्ता हुने १०% वापतको रकम रु.३,७०,५०,०००/- ( अक्षेरेपी रु. तीन करोड सत्तरी लाख पचास हजार मात्र) थप भई कूल चुक्ता पूँजी रु.१,५१,९०,५०,०००/- हुनेछ। जारी गरिएको उक्त शेयरबाट चुक्ता हुन बाँकी ९०% रकम नियमानुसार कम्पनीले माग गर्नेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ।**

| क्र. सं | विवरण | आ.व. २०६७/२०६८ | आ.व. २०७४/२०७५ | आ.व. २०७५/२०७६ विवरण पत्र निष्कासनको मितिसम्म |
|---|---|---|---|---|
| १. | अधिकृत पूँजी (रु.) | २,००,००,००,०००/– | २,००,००,००,०००/– | २,५०,००,००,०००/– |
| २. | जारी पूँजी (रु.) | १,००,००,००,०००/- | २,००,००,००,०००/- | २,४७,००,००,०००/- |
| ३. | चुक्ता पूँजी (रु.) | १०,००,००,०००/- | ४४,००,००,०००/- | १४८,२०,००,०००/- |

(ख) **निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**
**शेयर निष्काशन गरी वाडँफाँट गरे पश्चात कम्पनीको पुँजी संरचना देहाय बमोजिम रहने छ :**

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पुँजी संरचना | चुक्ता पूँजी रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक सेयरधनी समुह | ७४,१०,००० | ३०% | ७४,१०,००,०००.०० | शत प्रतिशत |
| क | संस्थापक सेयरधनी समुह | ७४,१०,००० | ३०% | ७४,१०,००,०००.०० | शत प्रतिशत |
| ख | सर्वसाधारण | ३७,०५,००० | १५% | ३,७०,५०,०००.०० | दश प्रतिशत |
| जम्मा | | **१८,५२,५०,०००** | **७५%** | **१,५१,९०,५०,०००.००** | |

(ग) **शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात)** : छैन।

## ग.५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

## ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव : सबै संस्थापक संगठित संस्था रहेका छन्। संस्थापकको नाम ठेगाना र शेयर स्वामित्व देहाय बमोजिम रहेको छ।

| क्र.सं. | संस्थापक शेयरधनीहरु | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| १ | श्री नेपाल विद्युत प्राधिकरण | दरवार मार्ग, काठमाडौं | ७४,१०,००० |
| २ | श्री नेपाल दुरसंचार कम्पनी लि. | भद्रकालीप्लाजा, काठमाडौं | ७४,१०,००० |

**सञ्चालकहरुको बिवरण:**

| क्र. सं. | नम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | कार्यानुभव | प्रतिनिधित्व गर्ने संस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री कुल मान घिसिङ्ग | अध्यक्ष | ४८ वर्ष | नेपाली | बेथान, रामेछाप | - | M.SC - Power System, EMBA | नेपाल विधुत प्राधिकरणमा २४ वर्ष देखि कार्यरत हाल कार्यकारी निर्देशक। | नेपाल विद्युत प्राधिकरण |
| २ | श्री सूर्य भक्त पोखरेल | सञ्चालक | ४४वर्ष | नेपाली | सानोठिमी, भक्तपुर | - | CA | नेपाल दूरसञ्चार कम्पनी लि. मा १६ वर्ष देखि कार्यरत। हाल प्रमुख वित्तीय अधिकृत | नेपाल दूरसञ्चार कम्पनी लि. |
| ३ | श्री प्रदिप राज उपाध्याय | सञ्चालक | ४७ वर्ष | नेपाली | सिद्धार्थनगर ८, रुपन्देहि | - | MBS CA | नेपाल दूरसञ्चार कम्पनी लि. मा १६ वर्ष देखि कार्यरत हाल प्रमुख व्यवसायीक अधिकृत। | नेपाल दूरसञ्चार कम्पनी लि. |
| ४ | श्री मटुक आनन्द वैद्य | सञ्चालक | ५६वर्ष | नेपाली | ललितपुर। | - | B.E MBA | नेपाल दूरसञ्चार कम्पनी लि. मा २७ वर्षदेखि कार्यरत। हाल प्रमुख प्राविधिक अधिकृत। | नेपाल दूरसञ्चार कम्पनी लि. |
| ५ | श्री मदन तिम्सिना | सञ्चालक | ४८ वर्ष | नेपाली | लोकन्थली, भक्तपुर | - | ME in Mechanical Engineering | नेपाल विद्युत प्राधिकरणमा २२ वर्ष देखि कार्यरत। हाल निर्देशक। | नेपाल विद्युत प्राधिकरण |
| ६. | श्री मोहन प्रसाद गौतम | प्रबन्ध सञ्चालक | ५१ वर्ष | नेपाली | काठमाण्डौं १०, बुद्धनगर | - | M.SC – Civil Engineering | जलविद्युत क्षेत्रमा २० वर्षको कार्यानुभव, हाल त्रिशुली जल विद्युत कम्पनीको प्रबन्ध सञ्चालक। | नेपाल विद्युत प्राधिकरण |
| ७. | श्री जगदिश्वर मान सिंह | वैकल्पिक सञ्चालक | ५७ वर्ष | नेपाली | टेकु, काठमाण्डौं | - | M.SC in Hydropower Development | नेपाल विधुत प्राधिकरणमा ३२ वर्ष देखि कार्यरत हाल उपकार्यकारी निर्देशक। | नेपाल विद्युत प्राधिकरण |

(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म)

| क्र.सं. | संस्थापक कम्पनी वा संस्था | ठेगाना | शेयर स्वामित्व कित्ता |
|---|---|---|---|
| १ | श्री नेपाल विद्युत प्राधिकरण | दरवार मार्ग, काठमाडौं | ७४,१०,००० |
| २ | श्री नेपाल दूरसञ्चार कम्पनी लि. | भद्रकाली प्लाजा, काठमाडौं | ७४,१०,००० |
| | | **जम्मा :** | १,४८,२०,००० |

| क्र.सं. | संस्थापक कम्पनी वा संस्था | कम्पनी वा संस्थाको विवरण |
|---|---|---|
| १ | श्री नेपाल विद्युत प्राधिकरण | विद्युत उत्पादन प्रसारण तथा वितरण गर्ने उद्देश्यका साथ नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको । |
| २ | श्री नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | नेपालमा दूरसञ्चारको विकास गर्ने उदेश्यले प्रचलित कम्पनी ऐन अन्तर्गत स्थापित र संचालित । |

**अ) नेपाल विद्युत प्राधिकरणका सञ्चालकहरुः**

| क्र. स. | सञ्चालकको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | माननीय उर्जा जलश्रोत तथा सिचाईं मन्त्री, श्री वर्ष मान पुन “अनन्त” | ऊर्जा, जलश्रोत तथा सिचाई मन्त्रालय, सिंहदरवार | अध्यक्ष |
| २ | सचिव, श्री दिनेश कुमार घिमिरे | | सञ्चालक |
| ३ | सचिव (राजस्व), श्री लाल शंकर घिमिरे | अर्थ मन्त्रालय, सिंहदरबार | सञ्चालक |
| ४ | श्री उमेश प्रसाद थानी | नेपाल विद्युत प्राधिकरण | सञ्चालक |
| ५ | श्री चेत राज जोशी | नेपाल विद्युत प्राधिकरण | सञ्चालक |
| ६ | श्री भक्त बहादुर पुन | नेपाल विद्युत प्राधिकरण | सञ्चालक |
| ७ | श्री विश्व प्रकाश गौतम | नेपाल विद्युत प्राधिकरण | सञ्चालक |
| ८ | कार्यकारी निर्देशक, श्री कुलमान घिसिङ | नेपाल विद्युत प्राधिकरण | सदस्य-सचिव |

**आ) नेपाल दूरसञ्चार कम्पनी लि.का सञ्चालकहरुः**

| क्र.सं. | सञ्चालकको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | सचिव, श्री महेन्द्र मान गुरुङ्ग | संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार | अध्यक्ष |
| २ | प्रबन्ध निर्देशक, श्री डिल्ली राम अधिकारी | नेपाल दूर सञ्चार कम्पनी लि., सिंहदरवार | सञ्चालक |
| ३ | सह सचिव, श्री राधिका अर्याल | संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार | सञ्चालक |
| ४ | सह सचिव, श्री धन राज ज्ञवाली | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार | सञ्चालक |
| ५ | सह सचिव, श्री उत्तर कुमार खत्री | अर्थ मन्त्रालय, सिंहदरबार | सञ्चालक |
| ६ | श्री विष्णु प्रसाद कसजु | शान्तिनगर, काठमाण्डौं । | सञ्चालक (सर्वसाधारण) |
| ७ | श्री राज बहादुर रावल | नेपाल दूर सञ्चार कम्पनी लि., सिंहदरवार | सञ्चालक (कर्मचारी) प्रतिनिधि |

(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना

| क.सं. | सञ्चालकको नाम | सम्बन्धित संस्था | अन्य संस्थाको सञ्चालक |
|---|---|---|---|
| १. | श्री कुलमान घिसिङ्ग | नेपाल विद्युत प्राधिकरण | चिलिमे जल विद्युत कम्पनी लि., अपर तामाकोशी हाइड्रोपावर कम्पनी लि., तनहुँ हाइड्रोपावर लिमिटेड तथा ने.वि.प्रा.का सहायक कम्पनीमा संस्थागत संचालकको रुपमा प्रतिनिधित्व । |
| २. | श्री सूर्य भक्त पोखरेल | नेपाल दूरसञ्चार कम्पनी लि. | नभएको |
| ३. | श्री प्रदिप राज उपाध्याय | नेपाल दूरसञ्चार कम्पनी लि. | नभएको |
| ४. | श्री मटुक आनन्द वैद्य | नेपाल दूरसञ्चार कम्पनी लि. | नभएको |
| ५. | श्री मदन तिम्सिना | नेपाल विद्युत प्राधिकरण | नभएको |
| ६ | श्री मोहन प्रसाद गौतम | नेपाल विद्युत प्राधिकरण | नभएको |
| ७. | श्री जगदीश्वर मान सिंह | नेपाल विद्युत प्राधिकरण | रसुवागढी हाइड्रोपावर कम्पनी लि., तनहुँ हाइड्रोपावर लिमिटेड, सल्लेरी च्याल्सा विद्युत कम्पनी लिमिटेडमा संस्थागत संचालकको रुपमा प्रतिनिधित्व । |

**<u>नोटः</u>** यस कम्पनीका सञ्चालकहरु कम्पनी ऐन, २०६३ को दफा ८९ को उप दफा १(छ) बमोजिम समान उद्देश्य भएको अन्य पब्लिक लिमिटेड कम्पनीमा संस्थागत प्रतिनिधि सञ्चालकको हैसियतमा बाहेक सञ्चालक नरहेका उद्घोष गरिएको छ ।

(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण : नभएको ।

**ग.५.ख.संस्थापक/सञ्चालक सँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**
यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री मोहन प्रसाद गौतम | प्रवन्ध सञ्चालक | M.Sc. - Civil Engineering | श्रावण २०७३ | जलविद्युत क्षेत्रमा २० वर्षको कार्यानुभव । नेपाल विद्युत प्राधिकरणमा १५ वर्षदेखि विभिन्न पदमा रही मिति २०७३ श्रावणबाट त्रिशुली जल विद्युत कम्पनी लि.मा काजमा रही कार्य गरिरहनु भएको । | छैन । |
| २. | श्री आनन्द ढुंगेल | आयोजना प्रमुख | M.Sc. - Water Resources Engineering | माघ २०७३ | ने.वि.प्रा. मा १५ वर्ष र अन्य संस्थामा २ वर्ष गरी १७ वर्ष जलविद्युत आयोजनाको डिजाइन तथा निर्माण कार्य सम्बन्धी अनुभव, २०७३ माघदेखि हालसम्म नेपाल विद्युत प्राधिकरणबाट यस कम्पनीमा काजमा रही कार्य गरिरहनु भएको । | छैन । |
| ३. | श्री भरत कुमार पौडेल | कम्पनी सचिव / वित्त प्रमुख | MBA | मंसिर २०७१ | - २०५१ देखि २०५६ सालसम्म कर्मचारी सञ्चय कोषमा सहायक अधिकृतको पदमा रही कार्यानुभव ।<br>- २०५७ देखि २०७१ मंसिरसम्म नेपाल विद्युत प्राधिकरणमा विभिन्न पदमा रही कार्य गरेको कार्यानुभव । २०७१ मार्ग देखि हाल सम्म उपनिर्देशकको पदमा रही नेपाल विद्युत प्राधिकरणबाट यस कम्पनीमा काजमा रही कम्पनी सचिव/वित्त प्रमुखको रुपमा कार्य गरिरहनु भएको । | छैन । |

*नोट : उपरोक्त बमोजिमका कर्मचारीहरु अन्य कुनै संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा अन्य कुनै कम्पनीमा लगानी नरहेको ।*

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पने :** सो नभएको ।

**(ग) कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य :** स्थायी, अस्थायी र अन्य गरी जम्मा ७५ जना ।

**ग.७.ख सञ्चालक एवं उच्च ब्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:**
**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

१. कम्पनीका सञ्चालकहरुलाई सञ्चालक समितिको बैठकमा भाग लिए वापत प्रति बैठक जनही रु.४,०००/- (अक्षरेपी रु.चार हजार मात्र) बैठक भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ ।

२. सञ्चालकहरुलाई यातायात र सञ्चार सुविधा मासिक रु.२,५००/- (अक्षरेपी रु. दुई हजार पाँच सय मात्र) दिने व्यवस्था रहेको छ ।

३. कम्पनीको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछः:

- स्वदेशमा दैनिक भत्ता : रु.२,५००।००
- विदेश भ्रमण गर्न पर्दा दैनिक भत्ता अमेरिकी डलर २५०।००
- यातायात खर्च विल बमोजिम हुनेछ ।

उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै भत्ता तथा सुविधा सञ्चालकहरुलाई भुक्तानी गर्ने व्यवस्था नभएको ।

**(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र निजहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | पारिश्रमिक को रुपमा भुक्तान गरिएको रकम रु. (आ.व.२०७४/७५) |
|---|---|---|---|
| १. | श्री मोहन प्रसाद गौतम | प्रबन्ध सञ्चालक | २०,८१,७०३।- |
| २. | श्री आनन्द ढुंगेल | आयोजना प्रमुख | १४,७३,६७८।५० |
| ३. | श्री भरत कुमार पौडेल | कम्पनी सचिव/वित्त प्रमुख | १४,५५,३६५।५० |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नरहेको ।

**ग.८.अन्तर्निहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**
**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- संचालनमा आइनसकेको हुँदा र निर्माण चरणमा नै भएकोले निर्माण लागत बढ्न गई हुने वित्तीय जोखिम रहेको ।
- जलविद्युत आयोजना निर्माणाधिन रहेपनि ऋण प्रदान गर्ने संस्था (नबिल बैंक लि., हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. र नेपाल बैंक लि.) बाट निर्माणमा लाग्ने लागत दिने सहमति तथा प्रतिबद्धता समेत आएको भएतापनि लागत बृद्धिको अनुपातमा ऋण प्राप्त नभएमा बित्तीय जोखिम पर्न सक्ने ।
- काबु बाहिरको दैवि प्रकोपका जोखिम सदा रहि रहने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- जलस्रोतको मुहानको बाताबरणमा अप्रत्यासित रुपमा परिबर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने सम्भावना भएको भएतापनि लामो अवधीको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा पानीको वहाव तय भएको हुँदा उल्लेखित जोखिमको सम्भावना न्युन रहेको ।
- जलविद्युत आयोजनाको अध्ययनको क्रममा दीर्घकालिन तथ्याकं समेत अध्ययन तथा विश्लेषण गरिएको हुनाले सामान्य अबस्थामा यस्तो जोखिम नरहने ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भई सकेको हुनाले यस्तो जोखिम नहुने ।
- नेपाल विद्युत प्राधिकरण पुर्णतः नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको ।
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** हालको कार्य तालिका अनुसार आयोजना निर्धारीत लागत र समयमा सम्पन्न हुने देखिएकोले यस सम्वन्धी जोखिम न्यून रहेको ।

**(ङ) विदेशी विनिमयको जोखिम :** आयोजनाको अनुमानित लागत तयार पारेको समयभन्दा हाल विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको कारणबाट आयोजनाको निर्माण लागत बढ्न सक्ने।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**

- हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा हुने जोखिम ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुने जोखिमहरु ।

**(झ) संचालन इतिहासको अभाव :** संस्थापक संगठित संस्थाहरु विगत लामो समय देखिनै यस प्रकारको आयोजना निर्माण तथा विद्युत उत्पादन गर्दै आईरहेकोले संचालन ईतिहासको अभाव नहुने ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने उर्जा वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत आयोजना भन्दा पानीबाट उत्पादन हुने विद्युत आयोजनाहरुको जोखिम कम रहेको छ । तथापी भविष्यमा उच्च प्रविधिको विकास भई अन्य श्रोतबाट सस्तो दरमा विद्युत उत्पादन भएमा भने केही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ।

**(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : हाल आयोजना निर्माणाधीन अवस्थामा रहेको र कुनै कारणवश पूर्वाधार निर्माणमा ढिलाई हुन गएमा योजनाको लागतमा केहि बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(ठ) अन्य :**

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादन घाटा हुनसक्ने ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तीलाई खाम्ने गरी बीमाको व्यवस्था गरिने ।
- जलवायु परिर्वतनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने।

**<u>सम्भावित आर्थिक जोखिमहरुलाई न्युनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।</u>**

नेपालमा उर्जा शक्तिको माग धेरै तथा आपूर्ति न्युन रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता कहिल्यै कम नहुने र जलविद्युतको लगानीमा न्युन जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । पानीबाट उत्पादन हुने नविकरणीय उर्जाले वातावरणमा प्रतिकुल असर नपार्ने। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युमा वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हूँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनामा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमलाई न्युनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न कम्पनी अन्तर्गतका सम्पूर्ण संरचनाहरुको ठेकेदारबाट CAR Policy अन्तर्गत विदेशी मुद्रातर्फ अमेरिकी डलर ३,१८,४७,८३८।६२ र नेपाली मुद्रातर्फ रु.१,९१,४६,१९,४७२।७३ बराबरको बीमा गर्ने कार्य अन्तिम चरणमा रहेको । साथै कम्पनीको स्वामित्वमा रहेका सम्पत्तिहरुको अगलागी, चोरी डकैति, दुर्घटना, आतंकवाद लगायत तेस्रो पक्ष समेत समेटिने गरी प्रिमियर इन्स्योरेन्स कम्पनी लि. संग विभिन्न मितिहरुमा वार्षिक बीमा गरिएको ।

**<u>धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :</u>**

रु.१००/–प्रति शेयरका दरले हुन आउने रकमको १० प्रतिशत अग्रिम भुक्तानिका लागि निष्काशन गरिएको हुनाले रु.१००/– प्राप्त गरेपछि मात्र शेयरको सुचिकरण गरिनेछ । रु.१००/–प्रति शेयरका दरले निश्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार नभएसम्म मूल्यमा हुने परिवर्तनको जोखिम रहेको छैन ।

ग.९. वित्तीय विवरण :

ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण** : यस कम्पनीको आ.ब.२०७४/०७५ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७५ आषाढ मसान्त)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **सम्पत्ति** | |
| **चल सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | २०३,६६७ |
| अदृष्य सम्पत्ति | - |
| आयोजना लगानी तथा कार्य प्रगति | ३५०,२०३ |
| डेफर्ड कर | - |
| अग्रिम भुक्तानी | ९३७ |
| पेश्कि, मुद्दति तथा अन्य प्राप्य रकम | ८३,०३३ |
| **जम्मा चल सम्पत्ति** | **६३७,८४०** |
| **चालु सम्पत्ति** | |
| जिन्सी मौज्दात | ४४ |
| अग्रिम भुक्तानी | ३२३ |
| वित्तिय प्राप्ति | - |
| नगद मौज्दात | १८२,४१२ |
| बैंक मौज्दात | १,११० |
| पेश्कि, मुद्दति तथा अन्य प्राप्य रकम | ६,८१५ |
| आयकर सम्पत्ति | ७३० |
| **जम्मा चालु सम्पत्ति** | **१९१,४३३** |
| **जम्मा सम्पत्ति** | **८२९,२७३** |
| **शेयर पूँजी तथा दायित्व** | |
| शेयर पूँजी जगेडा कोष दायित्व | ८८०,००० |
| जगेडा कोष | (७७,९२९) |
| **जम्मा शेयर पूँजी** | **८०२,०७१** |
| **दीर्घकालिन दायित्व** | |
| व्यवस्थाहरु | - |
| कर्जा तथा सापटी | - |
| वित्त तथा अन्य भुक्तानी | २,८८५ |
| डेफर्ड कर दायित्व | १,५३९ |
| **जम्मा दीर्घकालिन दायित्व** | **४,४२४** |
| **चालु दायित्व** | |
| व्यवस्थाहरु | - |
| कर्जा तथा सापटि | - |
| वित्त तथा अन्य भुक्तानी | २२,७७८ |
| आयकर दायित्व | - |
| **जम्मा चालु दायित्व** | **२२,७७८** |
| **जम्मा शेयर पूँजी तथा दायित्व** | **८२९,२७३** |

### नाफा नोक्सान हिसाब (श्रावण १, २०७४ देखि आषाढ ३२, २०७५)

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| कार्य सञ्चालन बाट आय | - |
| प्रत्यक्ष लागत | - |
| **कुल नाफा** | - |
| अन्य आय | १,९९३ |
| **जम्मा आम्दानी** | **१,९९३** |
| **खर्च** | |
| कर्मचारी लागत | ५,९५३ |
| ह्रास कट्टी | ८,३६७ |
| प्रशासकिय र साधारण खर्च | ६,८१० |
| विदेशी विनिमय | ६६३ |
| **जम्मा खर्च** | **२१,७९३** |
| **सञ्चालनबाट नाफा** | **(१९,८००)** |
| वित्त लागत | १४५ |
| वित्त आय | १४४ |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | **(१९,८०१)** |
| आयकर | - |
| चालु कर | - |
| डेफर्ड कर | २,४२४ |
| **खुद नाफा /(नोक्सान)** | **(२२,२२५)** |

### नगद प्रवाह विवरण (श्रावण १, २०७४ देखि आषाढ ३२, २०७५)

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | |
| आयकर तथा असाधारण आम्दानी खर्च अगाडिको खुद नाफा/नोक्सानी | (१९,८०१) |
| समायोजन | - |
| १. ह्रास कट्टी | ८,३६७ |
| २. सम्पत्तिको निसर्गबाट भएको नोक्सान/नाफा) | - |
| ३. (थप)/घट व्यापारिक तथा अन्य प्राप्त हुनुपर्ने रकम | - |
| ४. (थप)/घट कर्मचारी धितो | - |
| ५. (थप)/घट लगानीबाट आम्दानी | २० |
| ६. (थप)/घट अग्रिम भुक्तानी रकम | (१,१०४) |
| ७. (थप)/घट  अग्रीम भुक्तानी, अग्रीम जम्मा र अन्य प्राप्य रकम | (६७,४९६) |
| ८. (थप)/घट करार | - |
| ९. (थप)/घट स्थिर ऋण र सापटी | - |
| १०.(थप)/घट अस्थिर कर्मचारी लाभ | - |
| ११.(थप)/घट स्थिर कर्मचारी लाभ | - |
| १२. (थप)/घट आयकर सम्पत्ति र दायित्वहरु | (२९४) |
| १३. (थप)/घट अन्य दायित्वहरु | (३३,०४६) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **(११३,३५४)** |
| वित्तिय लागत | १४५ |
| गत वर्षको समायोजन | ३२४ |
| आयकर भुक्तानी | - |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **(११२,८८६)** |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको बिक्रिबाट आम्दानी | - |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको खरिद | (६५,६५२) |

| | |
|---|---|
| आयोजना लगानी तथा कार्य प्रगति | (२४,५९३ |
| बैंक मौज्दात (नगद बाहेक) | (१,११०) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(९१,३५५)** |
| **वित्तिय गतिविधिको खुद नगद प्रवाह** | |
| वित्तिय लागत | (१४५) |
| शेयरबाट प्राप्त रकम | ३३२,५०० |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **३३२,३५५** |
| **नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग)** | **१२८,११४** |
| **वर्षारम्भमा नगद तथा नगद उपकरण** | **५४,२९८** |
| **वर्षान्तमा नगद तथा नगद उपकरण** | **१८२,४१२** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिगत रुपमा) :**

**वासलात**

**(श्रावण १, २०७२ देखि २०७५ आषाढ मसान्तसम्मको)**

**रकम (रु.हजारमा)**

| विवरण | आ. व. २०७२/०७३ | आ. व. २०७३/०७४ | आ. व. २०७४/०७५ |
|---|---|---|---|
| सम्पत्ति **नाफा- नोक्सान हिसाब (श्रावण १, २०७२ देखि २०७५ आषाढ मसान्त सम्मको )** | | | |
| **चल सम्पत्ति** | | | **(रकम रु.हजारमा)** |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | ६३,४०० | १४२,४०८ | २०३,६६७ |
| अदृष्य सम्पत्ति | - | - | - |
| आयोजना लगानी तथा कार्य प्रगति | ३१०,३८९ | ३२५,६१० | ३५०,२०३ |
| डेफर्ड कर | ७१९ | ८८५ | - |
| अग्रिम भुक्तानी | - | - | ९३७ |
| पेश्कि, मुद्दति तथा अन्य प्राप्य रकम | - | - | ८३,०३३ |
| जम्मा चल सम्पत्ति | **३७४,५०८** | **४६८,९०३** | **६३७,८४०** |
| चालु सम्पत्ति | | | |
| जिन्सी मौज्दात | १३८ | ६४ | ४४ |
| अग्रिम भुक्तानी | १४६ | १५५ | ३२३ |
| वित्तिय प्राप्ति | - | - | - |
| नगद मौज्दात | ६३,१०४ | ५४,२९७ | १८२,४१२ |
| बैंक मौज्दात | - | - | १,११० |
| पेश्कि, मुद्दति तथा अन्य प्राप्य रकम | ३४,१५४ | २२,३५१ | ६,८१५ |
| आयकर सम्पत्ति | ३२३ | ४३५ | ७३० |
| **जम्मा चालु सम्पत्ति** | **९७,८६५** | **७७,३०३** | **१९१,४३३** |
| **जम्मा सम्पत्ति** | **४७२,३७३** | **५४६,२०७** | **८२९,२७३** |
| शेयर पूँजी तथा दायित्व | | | |
| शेयर पूँजी | ४६२,५०० | ५४७,५०० | ८८०,००० |
| जगेडा कोष | (४१,१९०) | (६०,००३) | (७७,९२९) |
| **जम्मा शेयर पुँजी** | **४२१,३१०** | **४८७,४९७** | **८०२,०७१** |
| दिर्घकालीन दायित्त | | | |
| व्यवस्थाहरु | | | - |
| कर्जा तथा सापटी | | | - |
| वित्त तथा अन्य भुक्तानी | ५३३ | २,३८४ | २,८८५ |
| डेफर्ड कर दायित्व | - | - | १,५३९ |
| **जम्मा दीर्घकालीन दायित्व** | **५३३** | **२,३८४** | **४,४२४** |
| चालु दायित्व | - | - | - |
| व्यवस्थाहरु | - | - | - |
| कर्जा तथा सापटि | - | - | - |
| वित्त तथा अन्य भुक्तानी | ५०,५३० | ५६,३२६ | २२,७७८ |
| आयकर दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **५०,५३०** | **५६,३२६** | **२२,७७८** |
| **जम्मा शेयर पुँजी तथा दायित्व** | ४७२,३७३ | ५४६,२०७ | ८२९,२७३ |

नाफा - नोक्सान हिसाब (श्रावण १, २०७२ देखि २०७५ आषाढ मसान्तसम्मको

| विवरण | आ. व. २०७२/०७३ | आ. व. २०७३/०७४ | आ. व. २०७४/०७५ |
|---|---|---|---|
| कार्य सञ्चालनबाट आय | - | - | - |
| प्रत्यक्ष लागत | - | - | - |
| **कुल नाफा** | - | - | - |
| अन्य आय | १,८५० | ७४८ | १,९९३ |
| **खर्च** | | | |
| कर्मचारी लागत | ४,८१९ | ६,६९४ | ५,९५३ |
| ह्रास कट्टी | ५,४९४ | ६,८२४ | ८,३६७ |
| प्रशासकिय र साधारण खर्च | ५,५०९ | ५,८७६ | ६,८१० |
| **विदेशी विनिमय** | **(१२१)** | **३३३** | **६६३** |
| **जम्मा खर्च** | **१५,७०१** | **१९,७२७** | **२१,७९३** |
| **सञ्चालन बाट नाफा** | **(१३,८५१)** | **(१८,९७९)** | **(१९,८००)** |
| वित्त लागत | - | - | १४५ |
| वित्त आय | - | - | १४४ |
| आयकर कट्टी गर्नु अघिको नाफा | (१३,८५१) | (१८,९७९) | (१९,८०१) |
| आयकर नाफा: | | | |
| चालु कर | - | - | - |
| डेफर्ड कर | ५६३ | १६६ | २,४२४ |
| **खुद नाफा / नोक्सान** | **(१३,२८८)** | **(१८,८१३)** | **(२२,२२५)** |

**नोट : आ.व. २०७५ को पौष मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिकृष्त वित्तीय विवरण ।**
**# आ.ब. ७४/७५ को वित्तीय विवरण NFRS अनुसार तयार गरिएको तर IFRIC १२ प्रावधान लागू नगरिएको।**

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :

**वासलात (२०७५ पौष मसान्त)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **सम्पत्ति** | |
| **चल सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | १,९९,५२३ |
| अदृष्य सम्पत्ति | - |
| आयोजना लगानी तथा कार्य प्रगति | ३,८६,३५४ |
| डेफर्ड कर | - |
| अग्रिम भुक्तानी | - |
| पेश्कि, मुद्दति तथा अन्य प्राप्य रकम | २,५६,५४८ |
| **जम्मा चल सम्पत्ति** | **८,४२,४२४** |
| | |
| जिन्सी मौज्दात | ४१ |
| अग्रिम भुक्तानी | - |
| वित्तिय प्राप्ति | - |
| नगद मौज्दात | १,१६,०७५ |
| बैंक मौज्दात | - |
| पेश्कि, मुद्दति तथा अन्य प्राप्य रकम | ५,८५७ |
| आयकर सम्पत्ति | - |
| **जम्मा चालु सम्पत्ति** | **१,२१,९७४** |
| **जम्मा सम्पत्ति** | **९,६४,३९८** |
| **शेयर पूँजी तथा दायित्व** | |
| शेयर पूँजी जगेडा कोष  दायित्व | १०,३०,००० |
| जगेडा कोष | (९०,११३) |
| **जम्मा शेयर पूँजी** | **९,३९,८८७** |
| **दीर्घकालिन दायित्व** | |
| व्यवस्थाहरु | - |
| कर्जा तथा सापटि | - |
| वित्त तथा अन्य भुक्तानी | ५,३२० |
| डेफर्ड कर दायित्व | १,५३९ |
| **जम्मा दीर्घकालिन दायित्व** | **६,८५९** |
| **चालु दायित्व** | |
| व्यवस्थाहरु | - |
| कर्जा तथा सापटि | - |
| वित्त तथा अन्य भुक्तानी | १७,६५२ |
| आयकर दायित्व | - |
| **जम्मा चालु दायित्व** | **१७,६५२** |
| **जम्मा शेयर पूँजी तथा दायित्व** | **९,६४,३९८** |

## नाफा- नोक्सान हिसाब (श्रावण १, २०७५ देखि पौष ३०, २०७५)

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| कार्य सञ्चालनबाट आय | - |
| प्रत्यक्ष लागत | - |
| **कुल नाफा** | - |
| अन्य आय | २,७३८ |
| **जम्मा आम्दानी** | |
| **खर्च** | |
| कर्मचारी लागत | ४,५६६ |
| ह्रास कट्टी | ६,९५० |
| प्रशासकिय र साधारण खर्च | ३,४०५ |
| विदेशी विनिमय | - |
| **जम्मा खर्च** | **१४,९२१** |
| **सञ्चालनबाट नाफा** | (१२,१८४) |
| वित्त लागत | - |
| वित्त आय | - |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | (१२,१८४) |
| आयकर | - |
| चालु कर | - |
| डेफर्ड कर | - |
| **खुद नाफा /(नोक्सान)** | (१२,१८४) |

## नगद प्रवाह विवरण (श्रावण १, २०७५ देखि पौष ३०, २०७५)

रकम (रु.हजारमा)

| विवरण | आ.व. २०७४/७५ |
|---|---|
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | (१२,१८४) |
| आयकर तथा असाधारण आम्दानी खर्च अगाडिको खुद नाफा/नोक्सानी | |
| समायोजन | |
| १. ह्रास कट्टी | - |
| २. सम्पत्तिको निसर्गबाट भएको नोक्सान/नाफा) | - |
| ३. (थप)/घट व्यापारिक तथा अन्य प्राप्त हुनुपर्ने रकम | - |
| ४. (थप)/घट कर्मचारी धितो | ३ |
| ५. (थप)/घट लगानीबाट आम्दानी | १,२६० |
| ६. (थप)/घट अग्रिम भुक्तानी रकम | (१,७२,५५८) |
| ७. (थप)/घट अग्रीम भुक्तानी, अग्रीम जम्मा र अन्य प्राप्य रकम | - |
| ८. (थप)/घट करार | - |
| ९. (थप)/घट स्थिर ऋण र सापटी | - |
| १०.(थप)/घट अस्थिर कर्मचारी लाभ | - |
| ११.(थप)/घट स्थिर कर्मचारी लाभ | - |
| १२. (थप)/घट आयकर सम्पत्ति र दायित्वहरु | ७३० |
| १३. (थप)/घट अन्य दायित्वहरु | (२,६९२) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | (१,७८,४९०) |
| वित्तिय लागत | ( |
| गत वर्षको समायोजन | ( |
| आयकर भुक्तानी | - |

| | |
|---|---|
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | (१,७८,४९०) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको बिक्रिबाट आम्दानी | - |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको खरिद | (२,८०६) |
| आयोजना लगानी तथा कार्य प्रगति | (३६,१५१) |
| बैंक मौज्दात (नगद बाहेक) | १,११० |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | (३७,८४६) |
| **वित्तिय गतिविधिको खुद नगद प्रवाह** | |
| वित्तिय लागत | - |
| शेयरबाट प्राप्त रकम | १,५०,००० |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **१,५०,०००** |
| **नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग)** | (६६,३३६) |
| **वर्षारम्भमा नगद तथा नगद उपकरण** | **१,८२,४१२** |
| **वर्षान्तमा नगद तथा नगद उपकरण** | **१,१६,०७५** |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ५ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ

## वासलात

रु. हजारमा

| विवरण | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
| **सम्पत्ति** | | | | | |
| खुद स्थिर सम्पत्ति | २०५,३५० | ३२६,१०९ | ३३९,४९१ | ७,९७३,०९९ | ७,६६२,११९ |
| चालू पूँजीगत कार्य (आयोजनामा लगानी) | १,८४७,०१६ | ४,९६७,८०४ | ७,०१८,४१४ | - | - |
| **जम्मा स्थिर सम्पत्ति** | २,०५२,३६६ | ५,२९३,९१३ | ७,३५७,९०५ | ७,९७३,०९९ | ७,६६२,११९ |
| | | | | | |
| **चालू सम्पत्ति** | | | | | |
| जिन्सी मौज्दात | ४९ | ५४ | ५७ | १०,००० | १०,५०० |
| लगानी | - | - | - | - | - |
| अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी | ४३,५९० | ४३,७९८ | २,५०९ | २,७६० | ३,०३६ |
| व्यापरिक तथा अन्य प्राप्य रकम | - | - | - | २९९,७३२ | ३०८,७२४ |
| नगद र अन्य मौज्दात | ९५,००० | ७८,५७८ | १७४,७७७ | २९,३३२ | ७३४,६०९ |
| **जम्मा चालू सम्पत्ति** | १३८,६४० | १२२,४२९ | १७७,३४३ | ३४१,८२४ | १,०५६,८६९ |
| **जम्मा सम्पत्ति** | २,१९१,००६ | ५,४१६,३४२ | ७,५३५,२४८ | ८,३१४,९२३ | ८,७१८,९८८ |
| | | | | | |
| **पूँजी र दायित्व** | | | | | |
| **पूँजी तथा जगेडा कोष** | | | | | |
| शेयर पुंजी | १,५१९,०५० | २,४७०,००० | २,४७०,००० | २,४७०,००० | २,४७०,००० |
| जगेडा कोष र संचित नाफा | (९८,८४९) | (१२०,३३४) | (१४२,३२९) | १३०,०९३ | ५९५,१८५ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | १,४२०,२०१ | २,३४९,६६६ | २,३२७,६७१ | २,६००,०९३ | ३,०६५,१८५ |
| | | | | | |
| सुरक्षित ऋण | ६८२,५०० | २,८५०,७५० | ४,९२०,८२५ | ५,३९७,३७२ | ४,९५१,२४८ |
| अन्य ऋण | | - | - | - | - |
| **जम्मा** | ६८२,५०० | २,८५०,७५० | ४,९२०,८२५ | ५,३९७,३७२ | ४,९५१,२४८ |
| **चालू दायित्व र व्यवस्था** | | | | | |
| अल्पकालीन सापटी | - | - | - | - | - |
| व्यापरिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम | ८८,३०५ | २१५,९२६ | २८६,७५२ | ३१७,४५७ | ३३२,०५५ |
| व्यवस्थाहरु - लाभाँस | | | | | ३७०,५०० |
| व्यवस्थाहरु - अन्य | - | - | - | - | - |
| **जम्मा चालू दायित्व** | ८८,३०५ | २१५,९२६ | २८६,७५२ | ३१७,४५७ | ७०२,५५५ |
| | | | | | |
| **जम्मा पूँजी र दायित्व** | २,१९१,००६ | ५,४१६,३४२ | ७,५३५,२४८ | ८,३१४,९२३ | ८,७१८,९८८ |

## नाफा- नोक्सान हिसाब

(रकमरु. हजारमा)

| विवरण | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|
| | आ. व. | आ. व. | आ. व. | आ. व. | आ. व. |
| | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
| विक्री आम्दानी | - | - | - | ७७२,४४० | १,९०७,७९३ |
| विक्रीको लागत | - | - | - | ६६,१८७ | १६१,०३५ |
| **मोटामोटी नाफा** | **-** | **-** | **-** | **७०६,२५३** | **१,७४६,७५८** |
| ब्याज तथा अन्य आम्दानी | २,१९२ | २,४१२ | २,६५३ | २,९१८ | ३,२१० |
| प्रशासकीय खर्च | १३,६९९ | १४,७११ | १५,८०७ | २२,४४२ | ३४,९९१ |
| बिमा खर्च | - | - | - | ४२,०६८ | ४३,२४२ |
| **संचालनबाट नाफा** | **(११,५०७)** | **(१२,३००)** | **(१३,१५४)** | **६४४,६६१** | **१,६७१,७३५** |
| ब्याज खर्च | - | - | - | २०१,९२१ | ५१९,५७४ |
| ह्रास खर्च | ९,४१४ | ९,१८५ | ८,८४० | १७०,३१८ | ३१६,५६९ |
| **आयकर कट्टीगर्नु अघिको नाफा** | **(२०,९२०)** | **(२१,४८५)** | **(२१,९९५)** | **२७२,४२२** | **८३५,५९२** |
| आयकर | - | - | - | - | - |
| **आयकर कट्टीगरे पछिको खुद नाफा** | **(२०,९२०)** | **(२१,४८५)** | **(२१,९९५)** | **२७२,४२२** | **८३५,५९२** |
| पस्तावित लाभांस | - | - | - | - | ३७०,५०० |
| **खुद नाफा मुनाफा/नोक्सान)** | (२०,९२०) | (२१,४८५) | (२१,९९५) | २७२,४२२ | ४६५,०९२ |

## वित्तिय प्रक्षेपणको आधार तथा तरिका

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका : | | | | | |
|---|---|---|---|---|---|
| विवरण | आ.व | आ.व | आ.व | आ.व | आ.व |
| | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० |
| १. कुल आयमा औषत बृद्धिदर | - | - | ० | ० | १४७% |
| २. कुल खर्चमा औषत बृद्धिदर ॰ ब्याज ? ह्रास | ४.०३ | ०.०७ | ७% | १०४३% | ९८% |
| ३. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ६२४.८५% | ६१०% | ५९६% | ०% | -४% |
| ४. खुद मुनाफामा औषत बृद्धिदर | ७३% | -३% | २% | -१३३९% | २०७% |
| ५. आयकर ब्यवस्था (प्रतिशतमा) | - | - | - | - | - |
| प्रति शेयर आम्दानी | (१.३८) | (०.८७) | (०.८९) | ११.०३ | ३३.८३ |
| अन्य संचालन खर्चका वृद्धिद (ब्याज र ह्रास) | २९६.९% | -२.४% | -४% | ४११०.६% | १२४.६% |
| Return on Equity | -१.४७% | -०.९१% | -०.९४% | १०.४८% | २७.२६% |
| Return on Assets | -१.०२% | -०.४१% | -०.३०% | ३.४२% | १०.९१% |

### वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. धितोपत्र सार्वजनिक निश्कासन गर्ने आधारमा आ.व.२०७५/७६ मा शेयर पूँजी रु.६३,९०,५०,०००/- र आव. २०७६/७७ मा रु.९५,०९,५०,०००/- ले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२. कम्पनीद्वारा निर्माणाधीन माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजना पुर्ण रुपमा २९ फागुन २०७८ मा ब्यापारिक उत्पादन गर्ने योजना रहेको छ।

३. कम्पनीद्वारा निर्माणाधिन माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजनाको लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.७,४४,५६,४७,६६८/- तथा निर्माण अवधिको ब्याज समेत रु.८,२२,७४,४०,६७४/- रहेको छ ।

४. माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजना निर्माणको लागि नबिल बैक लि. को अगुवाइमा हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लि. र नेपाल बैक लि. सँग प्रारम्भिक लागत अनुमान निर्माण अवधिको ब्याज समेत रु.८,२२,७४,४०,६७४/- को आधारमा कर्जा र स्वपूँजीको ७०:३० को अनुपात हुने गरि ऋण सम्झौता भए बमोजिम बित्तिय प्रक्षेपण तयार गरिएको छ ।

५. नेपाल विद्युत प्राधिकरणसंगको Power Purchase Agreement (PPA) मा भएको व्यवस्था बमोजिम प्रत्येक बर्ष जेष्ठ र आषाढ महिनामा नेपाल विद्युत प्राधिकरणबाट बिद्युत उर्जा बिक्री बापत प्राप्त हुनु पर्ने रकमलाई आसामी भनेर देखाउने गरी प्रक्षेपण गरिएको छ ।

६. नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु. ८.४० र बर्षा याममा रु. ४.८० का आधारमा सो दर प्रति बर्ष ३% का दरले ८ बर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ । साथै क्षमता उपयोग पनि ९२ प्रतिशत देखि ९९ प्रतिशत हुन्छ भन्ने प्रक्षेपण गरिएको छ ।

७. व्यापारिक उत्पादन भएको १५ बर्षसम्म रोयल्टीको दर प्रति KW रु.१५०/- र विद्युत विक्रिबाट हुने आम्दानीको १.८५% हुने गरि वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ ।

८. अग्रिम भुक्तानी तथा सापटीहरु मुख्यत: निर्माण कार्यमा संलग्न ठेकेदारहरुलाई प्रदान गरिएकोले सो रकमहरु आ.व.२०७७/७८ पश्चात क्रमश: कम हुँदै जानेछन् ।

९. चालु दायित्व विस्तारै घट्दै जान्छ भन्ने प्रक्षेपण गरिएको छ विद्युत उत्पादन शुरु भईसकेको अवस्थामा भने दायित्व बढ्दै जाने प्रक्षेपण गरिएको छ।

१०. स्थीर सम्पत्तीको ह्रासकट्टी Straight Line Method (SLM) अनुसार व्यवस्थापनले तोकेको प्रभावकारी जीवनलाई आधार मानी तल दिइएको तालिका अनुसार गणना गरी प्रक्षेपण गरिएको छ ।

| सम्पत्ती | ह्रासकट्टिको तरिका | दर |
|---|---|---|
| सिभिल निर्माण | SLM | ३.७७ प्रतिशत |
| भवन | SLM | ३.१७ प्रतिशत |
| हाइड्रो तथा इलेक्ट्रमेकानिकल | SLM | ३.७७ प्रतिशत |
| ट्रान्समिसन लाइन | SLM | ३.५७ प्रतिशत |
| फर्निचर तथा फिक्चर्स | SLM | २० प्रतिशत |
| कम्प्यूटर तथा प्रिण्टर्स | SLM | २५ प्रतिशत |
| सवारी साधन | SLM | २० प्रतिशत |
| अन्य सम्पत्ती | SLM | ५० प्रतिशत |

व्यवस्थापनले हरेक आर्थिक बर्षको अन्त्यमा स्थीर सम्पत्तिको अनुमानित जीवन पुनरावलोकन गर्ने र आवश्यकता अनुसार समायोजन गर्ने प्रक्षेपण गरिएको छ ।

११. विद्युत उत्पादन खर्चहरु हरेक बर्ष ६ प्रतिशतका दरले, प्रशासनिक खर्चहरु हरेक वर्ष ५ प्रतिशतका दरले र कर्मचारी खर्च हरेक बर्ष १० प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

१२. विद्युत ऐन, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।

१३. माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना निर्माणको प्रारम्भिक लागत कम्पनीको संचालक समितिको मिति २०७५ श्रावण १३ को १५०औं बैठकले आयोजनाको अनुमानित लागत रु.७,४४,५६,४७,६६९/- र निर्माण अवधिको व्याज रु.७८,१७,९३,००५/- गरी जम्मा रु.८,२२,७४,४०,६७४/- हुने गरी स्विकृत गरे बमोजिमको रकमलाई नै आयोजनाको कूल लागत मानी प्रक्षेपण गरिएको छ । कम्पनीले आयोजनाको प्रारम्भिक लागत अनुमान गर्दा अमेरिकी डलरको दर प्रति अमेरिकी डलर रु.११०/- तथा ऋणको ब्याजदर १० प्रतिशतलाई आधार मानी गरिएकाले सोही आधारलाई नै वित्तिय प्रक्षेपणमा आधार बनाइएको छ ।

## ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ:**

| विवरण | विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धि विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वास्तविक | | | प्रक्षेपित | | | | |
| | आ.ब. ०७२/७३ | आ.व ०७३/०७४ | आ.व ०७४/०७५ | आ.व ०७५/०७६ | आ.व ०७६/०७७ | आ.व ०७७/०७८ | आ.व ०७८/०७९ | आ.व ०७९/०८० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.०९ | ८९.०४ | ९१.१४ | ९३.४९ | ९५.१३ | ९४.२४ | १०५.२७ | १२४.१० |
| प्रति शेयर आम्दानी (रु.) | (२.८७) | (३.४४) | (२.५३) | (१.३८) | (०.८७) | (०.८९) | ११.०३ | ३३.८३ |
| संचित नाफा (नोक्सान) | (४१,१९०) | (६०,००३) | (७७,९२९) | (९८,८४९) | (१२०,३३४) | (१४२,३२९) | १३०,०९३ | ५९५,१८५ |

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ | आ.ब. ०७९/०८० |
| चुक्ता पुंजी | ४६२,५०० | ५४७,५०० | ८८०,००० | १,५१९,०५० | २,४७०,००० | २,४७०,००० | २,४७०,००० | २,४७०,००० |
| जगेडा तथा कोषहरु | (४१,१९०) | (६०,००३) | (७७,९२९) | (९८,८४९) | (१२०,३३४) | (१४२,३२९) | १३०,०९३ | ५९५,१८५ |
| कुल | ४२१,३१० | ४८७,४९७ | ८०२,०७१ | १,४२०,२०१ | २,३४९,६६६ | २,३२७,६७१ | २,६००,०९३ | ३,०६५,१८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घटाउने :अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - | - | - |
| कुल नेटवर्थ | ४२१,३१० | ४८७,४९७ | ८०२,०७१ | (९८,८४९) | (१२०,३३४) | (१४२,३२९) | १३०,०९३ | ५९५,१८५ |
| शेयर संख्या - (हजारमा) | ४,६२५ | ५,४७५ | ८,८०० | १५,१९१ | २४,७०० | २४,७०० | २४,७०० | २४,७०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९१.०९ | ८९.०४ | ९१.१४ | ९३.४९ | ९५.१३ | ९४.२४ | १०५.२७ | १२४.१० |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| खुद नाफा नोक्सान (रु. हजारमा) | (१३,२८८) | (१८,८१३) | (२२,२२५) | (२०,९२०) | (२१,४८५) | (२१,९९५) | २७२,४२२ | ८,३५,५९२ |
| **निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :** | | | | | | | | |

**विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :(०.६४) %**

<u>द्रष्टव्य :</u> उक्त वित्तीय प्रक्षेपण (प्रक्षेपित वित्तीय विवरण NFRS अनुसार तयार गरिएको तर IFRIC १२ को प्रावधान लागू नगरिएको) को आधारहरु तथा तरिका पुनरावलोकन गरी ठीक छ भनी श्री ए.आर. जोशी एण्ड कम्पनीका चार्टर्ड एकाण्टेण्ट श्री अच्युत राज जोशीले प्रमाणित गर्नु भएको हो ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.२,४७,००,००,०००/– (अक्षरेपी रु. दुई अर्व सतचालिस करोड मात्र) मध्ये कम्पनीका संस्थापक समुह अन्तर्गतको ६०% हुन आउने रकम शेयरधनीहरुले शतप्रतिशत रकम चुक्ता गरीसकेको तथा सर्वसाधारण समूहका मध्ये पहिलो चरणमा सर्वसाधारण जनताका लागि १५% अर्थात रु.३७,०५,००,०००/-(अक्षेरुपी रु. सैंतिस करोड पाँच लाख मात्र) बराबरको रु.१०० अंकित दरको ३७,०५,००० कित्ताको अग्रिम १० प्रतिशतले हुन आउने रकम रु.३,७०,५०,०००/-(अक्षेरेपी रु. तिन करोड सत्तरी लाख पचास हजार मात्र) को शेयर निष्कासन गरी कम्पनीको पूर्वाधार निर्माणमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :**

(क) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :** यस विवरण पत्र मार्फत सर्वसाधारणमा शेयर निष्काशन गरिने ३७,०५,००० कित्ता शेयर बराबरको अग्रिम १० प्रतिशतका दरले संकलन गरिने रकम रु. रु.३,७०,५०,०००/-(अक्षेरेपी रु. तिन करोड सत्तरी लाख पचास हजार मात्र) देहाय बमोजिमका कार्यहरुका लागि खर्च गरिनेछ । उक्त संकलित रकममा जनताको जलविद्युत कार्याक्रम (संचालक तथा व्यवस्थापन) कार्यविधि, २०७५ को बुँदा नं. ११ बमोजिम त्यस्तो शेयर प्रचलित धितोपत्र सम्वन्धी कानून बमोजिम कारोवार योग्य नभएसम्मको अवधिको लागि ८ प्रतिशत वार्षिक ब्याज निष्कासनकर्ता कम्पनीले प्रदान गर्नेछ ।

| क्र.सं. | खर्च गरिने क्षेत्र | छुट्टाइएको रकम रु. |
|---|---|---|
| १ | आयोजना निर्माण कार्य (सिभिल, इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल तथा ट्रान्समीसन लाइनको कार्यमा) | २,५९,३५,०००/०० |
| २ | परामर्श सेवा | ७४,१०,०००/०० |
| ३ | प्रशासनिक खर्च | ३७,०५,०००/०० |
| | **जम्मा** | **३,७०,५०,०००/००** |

(ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्थाः** निष्काशन गरिने शेयर पूर्णरुपमा विक्रि नभएमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, नियम ८ र ९ तथा जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ को अधिनमा रही संस्थापक शेयरधनी वा नेपाल सरकारले खरिद गर्नेछ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीद्धारा निर्माणाधीन माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना प्रदेश नं. ३, बागमती अञ्चल अन्तर्गत नुवाकोट तथा रसुवा जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य तथा सिभिल, हाइड्रोमेकानीकल र इलेक्ट्रोमेकानिकल निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु गरिरहेका छन् । आयोजनाको ट्रान्समिसन लाईन निर्माण कार्य

नेपाल विद्युत प्राधिकरणले गर्ने गरी नेपाल विद्युत प्राधिकरणले ४५ प्रतिशत र कम्पनीले ५५ प्रतिशत खर्च व्यहोर्ने गरी मिति २०७१/०६/३० मा सम्झौता भएको छ ।

**आयोजनाको चरणवद्ध लागत देहाय बमोजिम रहेको छ ।**

जम्मा (रु. हजारमा)

| क.सं. | विवरण | आ. व. | आ. व. | आ. व. | आ. व. | आ. व. | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| १ | पूर्वाधार निर्माण, जमीन तथा सोसँग सम्वन्धित | २२७,६४५ | १६,७०० | १४२,००० | ३७,१७० | ३,३४० | ४,२६,८५५ |
| २ | पूर्व संचालन खर्च | २११,५४५ | १७३,५४७ | १०३,३९१ | १२०,६२३ | ६८,९२७ | ६७८,०३४ |
| ३ | इन्जिनियरिङ्ग, खरिद तथा निर्माण खर्च | ६०,६४३ | १,२३३,३४३ | २,६९०,६७५ | १,४३३,२२१ | ४९२,२७६ | ५,९१०,१५७ |
| ४ | ट्रान्समिसन लाइन | – | – | २१,५३५ | २१,५३५ | – | ४३,०७० |
| ५ | परामर्श सेवा | ७८,०१४ | ७८,०१४ | १३६,९३७ | १०५,१५७ | १०,००० | ३८७,५३१ |
| ६ | निर्माण अवधिको ब्याज | – | – | १६८,२५० | ३७०,०७५ | २१०,९६८ | ७८१,७९३ |

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** यो आयोजनाबाट मिति २०७७/११/२९ सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :**

कम्पनीले आयोजनाको लागि आवश्यक पर्ने उपकरण खरिद गर्न M/S Sichuan ANHE Hydraulic and Hydroelectric Engineerinig Co. Ltd., China सँग 12 February 2018 मा ठेक्का सम्झौता गरेको र ठेक्का सम्झौताअनुसार यस कार्यको लागत विदेशी मुद्रातर्फ अमेरिकी डलर ३,१८,४७,८३८।६२ र नेपाली मुद्रातर्फ रु.१,९१,४६,१९,४७२।७३ रहेको छ ।

(च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीबाट निर्माणाधिन माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजनाको उत्पादन क्षमता ३७ मेगावाट रहने छ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** प्रदेश नं. ३, नुवाकोट तथा रसुवा जिल्लाको त्रिशुली नदीको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि विद्युत उत्पादन अनुमति पत्र प्राप्त भएको छ ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** प्रदेश नं. ३, नुवाकोट तथा रसुवा जिल्लाको त्रिशुली नदीको पानी ।

(ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

(अ) निष्काशन तथा बिक्री प्रवन्धक – रु.४,९०,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता शुल्क – नभएको ।
(इ) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क – नभएको ।
(उ) लेखापरिक्षकको शुल्क – वित्तीय प्रक्षेपण प्रमाणिकरण तथा अन्य कार्य वापतको शुल्क रु.६०,०००/– (VAT वाहेक)
(ऊ) अन्य - नभएको ।

ग.१०.ग. **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ अनुसार व्यवस्थापन गरिने ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियममा शेयर जारी नगरिएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" तथा जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँट गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँट गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँट गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ ।

साथै, न्यून माग भएको अवस्थामा बाँकी रहेको शेयर जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम ४६ (क) को उपनियम ९ बमोजिम हुने छ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्थाः** शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको विक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

**(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्कासन गरिने साधारण शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६ (क) को उपनियम ६ तथा जनताको जलविद्युत कार्यक्रम ( संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६८ (दोस्रो संशोधन, २०७३ सहित)" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६ (क) को उपनियम ६ तथा जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा

भएको व्यवस्था अनुसार बाँडफाँट गरीने तथा सहज खरिद बिक्री वा विनीमयको हकमा दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लि.मा सुचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ अनुसार संस्थापक शेयरधनी वा नेपाल सरकारले खरिद गरीने व्यवस्था गरिएकोले प्रत्याभुती नगरीएको ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :** सो नभएको ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय वनस्थली, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापिटल लि.,जमल, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर तोकिएका व्यक्तिले मात्र खरिदका लागि दरखास्त दिन सक्ने हुँदा त्यस्ता दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का १० प्रतिशतका दरले हुन आउने रु.१० प्रति शेयर जनताको जलविद्युत कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ तथा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तिय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्बा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि न्युनतम १०० कित्ता तथा अधिकतम १० ले भाग जाने संख्यामा १०,००० कित्तासम्म आवेदन दिन सकिने छ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

सर्वसाधारण नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आवेदन दिन सकिनेछ ।

३. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।
(क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रजी दुबैमा),
(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
(ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
(घ) आवेदकको स्थायी ठेगाना,
(ङ) आवेदकको सर्म्पक ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
(च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट खाता नम्बर) अनिवार्य रुपमा खुलाउनु पर्ने,
(ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम,
(झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)

४. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

५. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

६. आवेदकले स्वेच्छिक रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउन सक्नेछन् ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

६. धितोपत्र बांडफांट गर्नु पूर्वअख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

७. शेयरको बांडफांट गरी सुचीकरण भए पश्चात बांडफांटमा परेका आवेदकहरुलाई बांडफांटमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बांडफांटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. १० प्रतिशत आयोजना प्रभावित क्षेत्र नुवाकोट र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरु, ५ प्रतिशत नुवाकोट र रसुवा जिल्लाका स्थानीय तहहरु, ५ प्रतिशत जलविद्युत आयोजनाहरुमा लगानी गर्ने उद्येश्यले आयोजना रहेको नुवाकोट र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरुले सस्थापना गरेका कम्पनीहरु, ५ प्रतिशत शेयरधनी सम्झौता भएका बखतदेखि शेयर निष्कासन गरेका बखतसम्ममा नेपाल विद्युत प्राधिकरण र नेपाल दुरसञ्चार कम्पनी लि.मा कार्यरत स्थायी कर्मचारीहरु (संस्थाहरुको कर्मचारी संख्याको आधारमा समानुपातिक) का लागि तोकिए बमोजिमको शेयर पछि निष्काशन तथा विक्रि वितरण गरिने भएकोले यस निष्काशनमा आवेदन दिएको अवस्थामा उक्त निष्काशनमा निजहरुको आवेदन स्वतः रद्द हुनेछ ।

१०. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध C-ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

११. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले C-ASBA अर्न्तगत लिने आवेदनको ढाँचा "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

१२. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : सो नभएको ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापन नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** नभएको ।

**ग.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) कम्पनीको आ.व.२०७४/७५ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण बसौला एसोसिएट्सका चार्टड एकाउण्टेन्ट श्री विश्व राज बस्यौलाले गर्नुभएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

इ) **निष्काशन बैंक <u>(Bankers to the Issue):</u>**

धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रुपमा लागु भैसकेको सन्दर्भमा यो व्यवस्था लागु नहुने ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था ए.आर. जोशी एण्ड कम्पनीका चार्टड एकाउण्टेण्ट्स श्री अच्युत राज जोशीले प्रमाणित गर्नु भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :** सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** यो माथिल्लो त्रिशुली ३ बी जलविद्युत आयोजना निर्माण गर्न संस्थापक शेयरधनीहरुबाट चुक्ता भएको पुँजी तथा सहवित्तीयकरण कर्जा अन्तर्गत नबिल बैंक लि. को अगुवाइ र हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. को सह अगुवाइमा नेपाल बैंक लि. सदस्य रहेको सहवित्तीयकरण समूहबाट ऋण प्राप्त गर्न मिति २०७५।०५।०४ मा सम्झौता गरिएको छ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री छविलाल शर्मा पौडेललाई फोन नं.:४२२२४६० **इमेल** info@gicl.com.np मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**
विगत तीन वर्षमा सञ्चालक तथा लेखापरीक्षकमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ :

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व गरिएको संस्था | सञ्चालकमा बहाल रहेको अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १ | श्री सुरेन्द्र राजभण्डारी | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०६८।०६।०४ | २०७३।०७।११ |
| २ | श्री लीलानाथ भट्टराई | वैकल्पिक सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०६८।०६।०४ | २०७३।०२।२७ |
| ३ | श्री श्याम प्रसाद यादव | सञ्चालक | नेपाल दूरसञ्चार कम्पनी लि. | २०७१।०१।१९ | २०७२।१२।१८ |
| ४ | श्री दामोदर भक्त श्रेष्ठ | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०७१।०९।०८ | २०७३।०५।०२ |
| ५ | श्री मदन तिम्सिना | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०७१।०९।०८ | हालसम्म |
| ६ | श्री कामिनी राजभण्डारी | सञ्चालक | नेपाल दूरसञ्चार कम्पनी लि. | २०७१।११।२८ | २०७३।०७।११ |
| ७ | श्री सूर्यभक्त पोखरेल | सञ्चालक | नेपाल दूरसञ्चार कम्पनी लि. | २०७०।१२।१९ देखि २०७१।०७।२० सम्म र २०७२।०२।०८ देखि | हालसम्म |
| ८ | श्री प्रदिप राज उपाध्याय | सञ्चालक | नेपाल दूर सञ्चार कम्पनी लि | २०७२।१२।१९ देखि | हालसम्म । |
| ९ | श्री मोहन प्रसाद गौतम | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०७३।०५।०३ देखि | हालसम्म । |
| १० | श्री कुलमान घिसिंङ | सञ्चालक | नेपाल विद्युत प्राधिकरण | २०७३।०७।१२ | हालसम्म |
| ११ | श्री लोचन लाल अमात्य | सञ्चालक | नेपाल दूर सञ्चार कम्पनी लि | २०७३।०७।१२ | २०७४।०७।२० |
| १२ | श्री अशोक कुमार थापा | सञ्चालक | नेपाल दूर सञ्चार कम्पनी लि | २०७४।०७।२१ | २०७४।१२।१९ |
| १३ | श्री सिद्ध प्रताप भारती | सञ्चालक | नेपाल दूर सञ्चार कम्पनी लि | २०७४।१२।२० | २०७५।०६।२४ |
| १४ | श्री मटुक आनन्द वैद्य | सञ्चालक | नेपाल दूर सञ्चार कम्पनी लि | २०७५।०६।२५ देखि | हालसम्म |

लेखापरीक्षकमा भएको परिवर्तन : लगातार ३ वर्ष भन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको । यस कम्पनीका हालसम्मका लेखा परिक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

- आ.व. २०७२/०७३ देखि आ.व. २०७४/०७५ सम्मका लागि सि. ए. श्री विश्व राज बस्यौला परिवर्तन भई आ.व. २०७५/७६ मा सि. ए. श्री हिमाल दहाल नियुक्त हुनु भएको छ ।

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
सुनसरी जिल्ला, हालको बराह नगरपालिका वडा नं. ७, महेन्द्रनगर निवासी वित्तीय ब्यबस्थापनमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी वित्तीय क्षेत्रमा ६ वर्ष र जलविद्युत क्षेत्रमा १८ वर्ष गरी २४ वर्ष भन्दा बढिको कार्यअनुभव भएका श्री भरत कुमार पौडेल यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत रहनु भएको ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीले आफ्नो जारी पूँजी रु.२,४७,००,००,०००/–(अक्षरेपी रु.दुई अर्व सतचालीस करोड मात्र) मध्ये सर्वसाधारण समूहका लागि सार्वजनिक निष्कासन गर्न, कम्पनी संचालक समितिको मिति २०७५/११/१० को १५६ औं बैठकको निर्णय अनुसार सर्वसाधारण जनताका लागि तोकिएको १५ प्रतिशतले हुन आउने रकम रु.३७,०५,००,०००/–

बराबरको रु.१००/–अंकित दरले हुने ३७,०५,००० कित्ता शेयरहरु सर्वसाधारणमा निष्काशन गर्ने व्यवस्था मिलाइएको छ ।

(ड) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, वनस्थली, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आईएमई क्यापीटल लि., जमल काठमाण्डौ ।

(छ) **बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नियम अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु.२,४७,००,००,०००/- (अक्षरेपी दुई अर्ब सतचालीस करोड) को १५ प्रतिशत अर्थात रु. ३७,०५,००,०००/- (अक्षरेपी सैंतीस करोड पाँच लाख) बराबरको रु.१००/– अंकित दरको ३७,०५,००० कित्ता साधारण शेयरहरु मध्ये १,११,१५० कित्ता अर्थात कुल निष्काशनको ३% शेयर कम्पनीका कर्मचारीहरुलाई संरक्षण गरिएको र बाँकी ३५,९३,८५० कित्ता शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको । साथै दरखास्तसाथ प्रति शेयर रु.१००/– का दरले १० प्रतिशतका दरले हुने आउने रकम भुक्तानी माग गरिएको ।

(झ **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरूसमेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी देशभरका बैक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**
यस विवरणपत्र अनुसार अग्रीम १० प्रतिशत रकम संकलनका लागी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४६(क) को उपनियम ४ तथा जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ मा भएको व्यवस्था अनुरुप आह्वान गरीएकोमा नेपाल धितोपत्र बोर्डले नेपाल सरकारको कार्यक्रम अनुसार कार्यान्वयनमा आउन लागेको "जनताको जलविद्युत कार्यक्रम" अन्तर्गतका संगठित संस्थानहरुले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा केडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम (७) बमोजिम केडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट प्रदान गरेकोले यस साधारण शेयर निष्काशनका लागी केडिट रेटिङ्ग गरीएको छैन ।

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौं रहेको छ ।

(ड) **सकारात्मक पक्षहरु :**
१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
२) आयोजनाको लागि पहुँच मार्ग, बाँध, डिसेण्डर जस्ता संरचनाको निर्माण गर्नु नपर्ने र तुलनात्मक रुपमा अत्यन्तै छोटो टासमिसन लाईन रहेको ।
३) आयोजनाबाट सुख्खा याममा उत्पादन हुने उर्जा तुलनात्मक रुपमा अत्याधिक (४६.१%) रहेको ।

(ढ) **धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ (क) का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**
(१) **नियम ९ को उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत शेयर स्वामित्व भएको जलविद्युत कम्पनीले देहायकोशर्तमा नेपाल सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम सर्वसाधारणबाट पूँजी संकलन गरी जलविद्युत आयोजना निर्माण गर्न शेयर निष्काशन गर्न सक्नेछ :** कम्पनीको संस्थापकमा नेपाल विद्युत प्राधिकरण र नेपाल दुरसंचार कम्पनी लि. को क्रमश: ३० प्रतिशत र ३० प्रतिशत गरी ६० प्रतिशत शेयर रहेको र बाँकी ४० प्रतिशत शेयर सर्वसाधारण जनतामा निष्कासन गरी आयोजना निर्माण कार्यमा प्रयोग गरिने ।
(२) **कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको :** कम्पनी मिति २०६८/०१/२९ मा संस्थापना भई मिति २०६८/०८/२५ देखि कारोबार

सञ्चालन गरेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०७५/०७/१३ को पत्रबाट कारोबार गर्न स्वीकृति प्रदान गरेको ।

(३) **नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको :** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लोपटक मिति २०७५/०९/२७ गते सम्पन्न सातौं बार्षिक साधारण सभाबाट श्री महालेखापरीक्षकको कार्यालयबाट सिफरिस हुनुभएका चार्टर्ड एकाउण्टेण्ट श्री हिमाल दाहाललाई आ.व. २०७५/०७६ का लागि लेखापरिक्षकमा नियुक्त गरिएको ।

(४) **प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** यस कम्पनीले विद्युत विकास बिभागबाट मिति २०७०/०४/२७ गतेका दिन विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी कार्य गर्दै आइरहेको ।

(५) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद गरिएको र सरकारी वनक्षेत्रको जग्गा नेपाल सरकारबाट भोगाधिकारका लागि स्वीकृति प्राप्त भएको ।

(६) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको :** सोका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लि. सँग मिति २०७५।११।१२ मा सम्झौता भएको।

(७) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७४/०५/०६ मा विद्युत खरिद सम्झौता गरिसकेको ।

(८) **आयोजनाको विस्तृत डिजायन प्रतिवेदन तयार भएको वा आयोजनाको कुल लागत अनुमान र निर्माण अवधि खुलाई तयार गरिएको आधिकारिक विवरण तयार भएको:** आयोजनाको विस्तृत डिजायन प्रतिवेदन तयार गरि सो को कुल लागत अनुमान रु.८ अर्ब २२ करोड ७४ लाख ४० हजार ६७३ र ८९ पैसा मात्र (IDC सहित) तथा निर्माण अवधि ३ वर्ष रहि मिति २०७७।११।२९ मा सम्पन्न हुने ।

(८) **संस्थापकहरुले लिन कबूल गरेको शेयर रकमको कम्तीमा दश प्रतिशत चुक्ता भैसकेको:** नेपाल विद्युत प्राधिकरण र नेपाल दुरसंचार कम्पनी लि. ले सत प्रतिशत रकम चुक्ता गरिसकेको ।

(९) **आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको वा सोको लागि आशयपत्र प्राप्त भएको:** यस कम्पनीले निर्माण गर्दै आइरहेको माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजना निर्माणका लागि सहवित्तीयकरण कर्जा अन्तर्गत नबिल बैंक लि. को अगुवाइ र हाइड्रोइलेक्ट्रोसीटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.को सह अगुवाइमा नेपाल बैंक लि. सदस्य रहेको सहवित्तीयकरण समूहबाट ऋण प्राप्त गर्न मिति २०७५।०५।०४ मा सम्झौता भई फाइनान्सियल क्लोजर भैसकेको ।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि :** यस विवरण-पत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सवै धितोपत्र विक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा ३० दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

(थ) **धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९(क) मा उल्लेखित शर्तहरु पुरा भए नभएको :** यस विवरण-पत्रमा उल्लेखित ग.२२ को (ढ) (२) बाहेक अन्य पुरा भएको ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सूर्य भक्त पोखरेल | अध्यक्ष | |
| २. | श्री प्रदिप राज उपाध्याय | सञ्चालक | |
| ३. | श्री मटुक आनन्द वैद्य | सञ्चालक | |
| ४. | श्री मदन तिम्सिना | सञ्चालक | |
| ५. | श्री मोहन प्रसाद गौतम | सञ्चालक | |
| ६. | श्री जगदिश्वर मान सिंह | सञ्चालक | |

ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापिटल लिमिटेड
GROW WITH US

Regd No. 1067/064/065

17251

मिति : २०७५/११/२९

चलानी नं.: IM/१७७/०७५/७६

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे।

महोदय,

काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. १६, बनस्थली, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको त्रिशुली जल विद्युत कम्पनी लिमिटेडले सार्वजनिक निष्कासन गर्न लागेको रु.१००।– अङ्कित दरले ३७,०५,००,००० कित्ता शेयरहरु जारी गर्न निष्कासन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं। साथै दरखास्तसाथ हाललाई प्रति शेयर रु.१०/– को दरले (अंकित मूल्यको दश प्रतिशतले) हुने रकम रु.३,७०,५०,०००/- (अक्षरेपी रु. तीन करोड सत्तरी लाख पचास हजार मात्र) भुक्तानी अग्रिम माग गरिएको छ। उक्त शेयर वापत चुक्ता हुन बाँकी रकम नियमानुसार कम्पनीले पछि माग गर्नेछ। शेयरहरु निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा जनता जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।

४. कम्पनीको निष्कासन गर्न लागेको शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :**
ग्लोबल आइएमई क्यापीटल लिमिटेडको तर्फबाट
नाम : पारसमणी ढकाल
पद : प्रमुख कार्यकारी अधिकृत
सही :
कार्यालयको छाप :

Global IME Capital Limited Kathmandu, Nepal

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रवन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपात्र प्राप्त संस्था
P.O.Box No. 21599, Rastriya Naach Ghar, 3rd Floor, Jamal, Kathmandu, Nepal
Ph.: 4222460, Fax: 4222534
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

ग.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**A.R. Joshi & Co.**
**Chartered Accountants**

## INDEPENDENT PRACTITIONER'S REVIEW REPORT

To,

Trishuli Jal Vidhyut Company Limited.

Banasthali, Kathmandu

### Report on the Financial Statements

We have reviewed the accompanying financial statements of Trishuli Jal Vidhyut Company Limited, which comprise the statement of financial position as at Poush 30, 2075, and the statement of profit or loss and comprehensive income, statement of changes in equity and statement of cash flows for the period Shrawan 1, 2075 to Poush 30, 2075, and a summary of significant accounting policies and other explanatory information.

***Management's Responsibility for the Financial Statements***

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with the Nepal Financial Reporting Standard, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

***Practitioner's Responsibility***

Our responsibility is to express a conclusion on the accompanying financial statements. We conducted our review in accordance with Nepal Standard on Review Engagements (NSRE) 2400, Engagements to Review Historical Financial Statements. NSRE 2400 requires us to conclude whether anything has come to our attention that causes us to believe that the financial statements, taken as a whole, are not prepared in all material respects in accordance with the applicable financial reporting framework. This Standard also requires us to comply with relevant ethical requirements.

A review of financial statements in accordance with NSRE 2400 is a limited assurance engagement. The practitioner performs procedures, primarily consisting of making inquiries of management and others within the entity, as appropriate, and applying analytical procedures, and evaluates the evidence obtained.

The procedures performed in a review are substantially less than those performed in an audit conducted in accordance with Nepal Standards on Auditing. Accordingly, we do not express an audit opinion on these financial statements.

***Conclusion***

Based on our review, nothing has come to our attention that causes us to believe that these financial statements do not present fairly, in all material respects, the financial position of Trishuli Jal Vidhyut Company Limited as at Poush 30, 2075, and its financial performance and cash flows for the period then ended, in accordance with the Nepal Financial Reporting Standard.

CA. Achyut Raj Joshi
Proprietor, A.R. Joshi & Co.
Chartered Accountants
Naxal, Kathmandu, Nepal

Date: Falgun 26, 2075
Place: Kathmandu

5th Floor, Nirdhan Bhawan, Naxal, Kathmandu, Nepal, P.O.Box: 8975 EPC: 5984, Phone No.: 01-4412201, E-mail: achyutjoshi40@gmail.com